भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.
ब्यासी-२, भक्तपुर, फोन नं. ०१-६६१७५८७
शिक्षा शिविर हुनेसम्बन्धी सूचना
यस संस्थामा नयाँ सदस्यता लिएका तथा नयाँ सदस्य बन्न इच्छुक सदस्यहरूका लागि निम्न मिति, समय र स्थानमा अनिवार्य शिक्षा शिविर हुने भएकोले उपस्थितिको लागि अनुरोध गर्दछ ।
कार्यक्रमः
मिति : २०८३ साउन ३० गते, शनिबार
समय : बिहान ७:०० बजे
स्थान : सभा हल, नगर स्वास्थ्य केन्द्र, ब्यासी
आयोजक
शिक्षा उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २०१ ★ ने. सं. ११४६ दिला गा, औंशी ★ बुधबार ★ २७ साउन, २०८३ ★ August 12, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# सजाय होइन व्यवहार परिवर्तन न्यायको मूल उद्देश्य



भक्तपुर, २६ साउन । ख्वप कलेज अफ लको चौथो वर्षको Criminal Law Group को आयोजनामा नेपालको 'बाल न्याय प्रणाली (Child Justice System)' सम्बन्धी एकदिने सेमिनार आइतबार सम्पन्न भयो । ख्वप कलेजको सभाहलमा आयोजित कार्यक्रममा कलेजका प्राध्यापक तथा कर्मचारी, दोस्रो, तेस्रो र चौथो वर्षका विद्यार्थी तथा बाल न्यायसँग प्रत्यक्ष रूपमा सम्बन्धित विभिन्न क्षेत्रका विज्ञहरूको सहभागिता थियो ।

बाल अदालत भक्तपुरका माननीय न्यायाधीश कृष्णप्रसाद शर्मा नेपालले बाल न्यायको उद्देश्य बालबालिकालाई कसुरअनुसार सजाय दिनु मात्र नभई उनीहरूको सर्वोत्तम हित, व्यक्तिगत अवस्था, सुधारको सम्भावना र पुन:स्थापनालाई केन्द्रमा राखेर न्याय सम्पादन गर्नु रहेको बताउनुभयो ।

बाल न्यायको न्यायिक पक्षबारे आफ्नो अनुभव प्रस्तुत गर्दै उहाँले बालबालिकाबाट भएका कसुरमा निर्णय गर्दा उनीहरूको उमेर, पारिवारिक तथा सामाजिक पृष्ठभूमि, कसुरको प्रकृति र घटना घट्नुको परिस्थितिलाई समेत विचार गर्नुपर्ने बताउनुभयो ।

बाल अधिकारकर्मी तथा अधिवक्ता अजयशङ्कर झाले नेपालमा बालबालिकाको अधिकार संरक्षण तथा बालन्याय प्रणालीका लागि कानुनी व्यवस्था पर्याप्त भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र बालबालिकामा कानुनी सचेतनाको अवस्था अझै चुनौतीपूर्ण रहेको बताउनुभयो ।

नेपालको संविधान तथा बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको अधिकार, संरक्षण तथा न्यायसम्बन्धी विभिन्न व्यवस्था गरे पनि व्यवहारमा प्रक्रियागत कमजोरी, कानुनी सचेतनाको अभाव तथा संस्थागत क्षमताको कमीका कारण बालमैत्री न्याय प्रणालीको पूर्ण कार्यान्वयन हुन नसकेको उहाँको भनाइ छ ।

जिल्ला न्यायाधिवक्ता बिन्दुकुमारी धामीले बालबालिकासम्बन्धी मुद्दामा अभियोजन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्नुपर्ने भए पनि पीडितको न्याय पाउने अधिकार र हितलाई समेत समान रूपमा ध्यान दिनुपर्ने बताउनुभयो ।

बाल मनोवैज्ञानिक प्रतीक्षा काफ्लेले बाल न्याय प्रक्रियामा मनोवैज्ञानिक मूल्याङ्कन, परामर्श तथा मनोसामाजिक सहयोगलाई न्याय प्रणालीको अभिन्न अङ्गको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सजाय होइन, व्यवहार परिवर्तन र पुन:स्थापना बाल न्यायको मूल उद्देश्य हुनुपर्छ ।"

समाजसेवी देवी सिवाकोटीले बाल न्याय प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि परिवार, समुदाय र राज्यबिच समन्वय तथा साझा जिम्मेवारी आवश्यक रहेको बताउनुभयो ।

नेपाल प्रहरीका प्रहरी निरीक्षक सुभेष अधिकारीले नेपालको संविधान र बालबालिकासम्बन्धी कानुनले बालबालिकाका लागि प्रगतिशील तथा बालमैत्री न्याय प्रणालीको परिकल्पना गरे पनि त्यसको व्यवहारिक कार्यान्वयनमा विभिन्न कानुनी, भौतिक तथा संस्थागत चुनौती रहेको बताउनुभयो ।

सेमिनारमा विद्यार्थी प्रतिनिधि अनिश अधिकारीले भन्नुभयो, "ऐनले १८ वर्षभन्दा कम उमेरकालाई बालबालिका भनी पहिचान गरेको छ । बालबालिकालाई दोस्रो अवसर दिन, उनीहरूको भविष्य सुरक्षित गर्न, अपराध दोहोरिन नदिन सुधारमुखी उपाय अपनाउन र उनीहरूको मानव अधिकारको संरक्षण गर्न बाल न्याय प्रणाली आवश्यक रहेको छ ।"

कार्यक्रमको समापनमा कलेजका प्राचार्य अनिता जधारीले प्यानलिस्ट, सहभागी तथा कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै कार्यक्रमको औपचारिक समापन गर्नुभएको थियो ।

बाँकी पृष्ठ ८ मा

# युवाहरू राष्ट्रिय हितमा केन्द्रित हुनुपर्छ

काठमाडौँ, २६ साउन । सरकारको नेतृत्व युवाहरूको हातमा छ । युवाहरूले देशको नेतृत्व सही ढङ्गले अघि बढाउनुपर्छ भन्ने जनताको चाहना हो । युवाहरू सक्षम, दूरदर्शी, देश र जनताप्रति समर्पित भएनन्, युवाहरू सही दिशातर्फ लागेनन् र अनुशासित, देशभक्त, जिम्मेदार बनेनन् भने फेरि देश अन्तरित मोड्न बेर लाग्दैन । देशमा अराजक, हिंसा र उच्छृङ्खल गतिविधि बढेर समाज असुरक्षित हुन्छ, अशान्त हुन्छ । युवाहरूको नेतृत्वमा सरकार भएको सहीजस्तो लागे पनि सरकारले सही दिशा दिन सकेन भने परिणाम राम्रो हुँदैन । युवाहरूमा जोश र जाँगर मात्र भएर हुँदैन; बडो गम्भीर, संवेदनशील, कर्तव्यपरायण र व्यावहारिक हुनुपर्छ । मुख्य कुरा सरकारको नेतृत्व कसले गरेको छ भन्दा पनि कुन वर्गको हितको निम्ति कसरी गरिरहेको छ भन्ने हो ।

युवा राजनीतिबाट विमुख हुनु हुँदैन । राजनीतिप्रति प्रेरित भएरै अघि बढ्नुपर्छ । सरकारको नेतृत्व गर्ने युवाहरू राजनीतिबाट अलग्ग हुन सक्दैनन् । तर, विडम्बना ! सरकारको नेतृत्व गरिरहेका तिनै युवाहरू राजनीतिबाट अलग्ग हुनुपर्ने तर्क राख्छन् । राजनीतिलाई सफा, पारदर्शी र जनउत्तरदायी बनाउन युवा पुस्ता पनि अघि बढ्नुपर्छ । युवाहरू सक्रिय भए पनि जनउत्तरदायी भएनन्; जिम्मेवार बनेनन् भने सरकारले युवाहरूलाई तह लगाउन सक्दैन; नियन्त्रणमा राख्न सक्दैन । राजनीतिलाई सत्ता प्राप्त गर्ने माध्यम बनाइनु हुँदैन । पद, प्रतिष्ठा र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर युवाहरू राष्ट्रिय हितमा केन्द्रित हुनुपर्छ । सामाजिक सञ्जालमा टिप्पणी गरेर वा असन्तुष्टि व्यक्त गरेर समाज परिवर्तन हुने होइन ।

युवा विद्यार्थीहरूको नेतृत्वमा सरकार भएकै बेला युवा विद्यार्थीहरूको आन्दोलन बढी भयो । सरकारको कार्यशैली र व्यवहार देखेर युवा-विद्यार्थीहरू नै असन्तुष्ट देखिए । यही बेला पछिल्लो पटक धार्मिक द्वन्द्व भयो; धार्मिक द्वन्द्वमा युवाहरू उठे; विरोधमा लागे र गोली लागेर युवाहरू निधन भए । न्यायको अभाव र महँगीको विरोधमा युवा विद्यार्थीहरू नै सडकमा उत्रे । सुकुमवासीहरूको बस्ती उठिवासमा पनि युवाहरू सडकमा उत्रे । विद्यार्थीहरूले विरोध प्रदर्शन गरे । यसबाहेक विभिन्न पेसा, सेवा र क्षेत्रमा संलग्न विभिन्न मानिसहरू पनि सरकारको विरोधमा छन् । नयाँ सरकार गठन भएको यो छोटो समयमै सरकारको विरोधमा धेरै आन्दोलन भयो । संसद् पनि लामो समयसम्म अवरोध भइरह्यो; विरोध भइरह्यो ।

यसबारे सत्तारुढ दलका नेता र मन्त्रीहरूले आत्म समीक्षा गरिरहेका होलान् । सत्तारुढ दल र सरकारको नेतृत्व गरिरहेका पार्टी सभापति र प्रधानमन्त्रीबिच आ-आफ्ना कमजोरी औँल्याइरहेको होला । सरकार र सत्तारुढ दलको तालमेल नमिलेर पार्टी सभापति र प्रधानमन्त्रीबिच आन्तरिक विवाद चर्केको खबर प्रकाशमा नआएको होइन । मन्त्री हेरफेर गर्ने, प्रमले पार्टीको

बाँकी पृष्ठ ८ मा

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - ८३

**लुम्बिनी प्रदेश, बाँके जिल्ला**

**सुधांशु कोइराला नेपाली काङ्ग्रेस**

नेपाली काङ्ग्रेसको पार्टी कार्यालय आगजनी र तोडफोड भएको छ । करिब ८८ लाख बराबरको क्षतिको मूल्याङ्कन छ । वास्तविक जेनजीहरूको आन्दोलन शान्तिपूर्ण थियो, अराजक समूहको घुसपैठले देश ध्वंस भएको छ । बाँकेको हकमा प्रशासन पूरै चुकेको हो । म मेरो बुढो बाबा-आमा लिएर कहाँ जाने ? जसकहाँ जाँदा पनि उनीहरू असुरक्षित हुने सम्भावना बढी थियो । मैले एस.पी.साबलाई "नेताहरूको घर सुरक्षित राखिदिनुस्" भन्दा प्रहरी आउन त आयो तर प्रहरीलाई देख्नेबित्तिकै प्रदर्शनकारीहरूले लखेटे । बी.पी., पुष्पलाल, गणेशमानका सालिक ढालिए । हामी मुठभेड चाहँदैनौं ।

**घनानाथ खनाल ने.क.पा. एमाले**

बाँके तहसनहस भएको छ । कार्यालयहरूले सहज रूपमा काम गर्न सक्ने अवस्था छैन । भदौ २४ गतेको घटनाको जिम्मेवारी कसले लिने ? सरकार बन्नु दुई दिनअगाडि आयोगका अध्यक्षको पूर्वाग्रही स्टाटसले आयोगले के निष्पक्ष छानबिन गर्छ ? सबै जलेका सार्वजनिक कार्यालयबारे केन्द्रीय सरकारले विशेष ध्यान दिएको छैन । भदौ २४ गतेको घटनाका दोषीहरूलाई कारबाही किन गरिँदैन ? निष्पक्ष छानबिन होस् । भदौ २४ गतेको आन्दोलन कसले गरायो भन्ने कुरा पहिला यकिन हुनुपर्छ । मुख्य राजनीतिज्ञहरूको सालिक हामीले पुन:स्थापना गर्न नपरोस्, सरकारले गरोस् ।

**यातायात कार्यालय प्रमुख**

कार्यालय ध्वस्त भएको छ । जाँचपास र रुट परमिटका काम सुरु गरी केही दिनमा अनलाइन सेवा प्रवाह गर्छौं । सवारी दर्ता अभिलेखलगायत सबै ध्वस्त भएका छन् ।

**बाँके जिल्ला समन्वय प्रमुख**

उपमहानगरबाट सुरु भएको आगजनी र लुटपाट भन्सार कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, जिल्ला अदालत, उच्च अदालतलगायतमा पुग्यो । जेनजीको नाममा अरुबाटै लुटपाट भएको छ । गणेशमानको सालिक फोड्नेलाई कारबाही गर्नु पर्‍यो भन्दा प्रहरीले र प्रमुख जिल्ला अधिकारीले माथिबाट आदेश आएको छैन भन्नुभयो । यहाँकै एउटा टोलमा अहिले प्रहरी गएर खानतलासी गरे भने लुटिएको ५० प्रतिशत माल सामान बरामद हुन सक्छ । प्रहरी प्रशासन सक्रिय भएर काम गर्न आवश्यक छ । अन्यथा दण्डहीनता बढ्ने देखिन्छ ।

**जिल्लास्थित सुरक्षा समितिको छलफलका क्रममा बुझिएका कुराहरू**

भदौ २४ गते बिहानैदेखि प्रहरी र सशस्त्र प्रहरीको तैनाथी बढाइएको थियो । बिहान करिब ९ बजेतिर हटिया चोक, नेता चोक, बिच बजारलगायत स्थानबाट प्रदर्शनकारीहरू जम्मा हुने क्रम बढेपछि प्रहरीलाई बजार क्षेत्रमा केन्द्रित गरिएको थियो । जिल्लास्थित जेनजी प्रतिनिधिहरूसँग समन्वय गरी प्रदर्शनलाई व्यवस्थापन गर्दै आइएकोमा करिब १२:३० बजेतिर काठमाडौंलगायत देशभरि भएका घटनाहरूको रिपोर्टिङ

बाँकी पृष्ठ ८ मा

# अर्थमन्त्री देश नवउपनिवेश बनाउनेतर्फ किन लागे ?

काठमाडौँ, २६ साउन । रास्वपाको बालेन सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले २० वटा ठूला बहुराष्ट्रिय कम्पनीका प्रतिनिधिसँग भने, "नेपालमा अझै ठूलो लगानी गर्नुहोस्, भइरहेको उद्योग विस्तार गर्नुहोस्, सरकार तपाईंहरूको साथमा उभिनेछ ।"

नेपालका छिमेकी देश भारत र चीन जनसङ्ख्या, भूगोल र अर्थतन्त्रमा नेपालभन्दा धेरै ठूला छन् । ती देशहरूले विदेशी लगानी भित्र्याएजस्तै बालेन सरकारले पनि भित्र्याएमा नेपालको राष्ट्रिय पुँजीलाई विदेशी पुँजीले खानेछ र अन्ततः नेपाल विदेशी पुँजी लगानी गर्ने देशको नवउपनिवेश हुनेछ ।

यसअघिका नेका, एमाले र तत्कालीन माओवादी सरकारले पनि बेरोकटोक विदेशी पुँजी लगानी गराउन

बाँकी पृष्ठ ८ मा

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- औद्योगिकीकरणको लागि सडक, ऊर्जा, भण्डारण, सुरक्षा आदि पूर्वाधार जरुरी हुन्छ । तर, जनताको अरबौं रूपैयाँ करबाट बनेका यस्ता पूर्वाधार प्रयोग गरेका उद्योगहरूसम्म पुग्ने गरी सवारी साधनलगायत सञ्चालनको कारण सडक र अन्य पूर्वाधार क्षतविक्षत पनि भइरहेको छ । आजसम्मका सरकारहरू क्षति रोकथाममा नलाग्दा सर्वसाधारण जनतालाई दुःख भइरहेको छ ।
- तिब्बतमा सहकारीले परम्परागत 'जेटर' बुनाइ जोगाउँदै आएको सार्वजनिक भयो । 'एथ्निक हुआजी ह्यान्डओभन कोअपरेटिभ' ले तिब्बतमा परम्परागत रूपमा बनाइँदै आएको ऊनी कपडा 'पुलु' र त्यसको मसिनो तथा गुणस्तरीय रूप 'जेटर' उत्पादन गर्दै १०० जनालाई रोजगारीसमेत दिँदै आएको छ । जेटर पुलुभन्दा मसिनो, हलुका र नरम ऊनी कपडा हो ।

  नेपालमा पनि ३० हजार बढी सहकारी संस्था छन् । सरकारहरूले नेपालका सहकारीहरूलाई स्थानीय सामान र सीप प्रयोग गरी रोजगारीसमेत दिन नलगाएको हुँदा सहकारीमा ठगी बढ्दो छ ।
- नेपालमा झण्डै १७ हजार सहकारी ठगीमा परेका कारण बन्द हुने अवस्थामा रहेको सरकारी आकलन छ । रास्वपा सरकारले पीडित बचतकर्ताको रकम फिर्ता गर्ने दाबी गर्‍यो । तर, ७६ हजार बचतकर्तालाई ४६ अर्ब रूपैयाँ फिर्ता गर्नुपर्नेमा हालसम्म ४२ करोडमात्र सङ्कलन गरेको सार्वजनिक भयो । रास्वपा सरकारले आफ्नै सभापति सहकारी ठगीमा जोडिएको हुँदा राज्यकोषबाट भए पनि केहीलाई फिर्ता गर्ने तयारी गरेको पनि बाहिरिएको छ । यसरी सहकारी समस्या समाधान हुँदैन । सहकारी संस्था आफैलाई सदस्यको हितमा स्थानीय सीप परिचालन हुने गरी लगानी गराउनु जरुरी छ ।
- आव २०८२/८३ मा कृषिजन्य क्षेत्रको व्यापारघाटा रु. २ खर्ब ३८ अर्ब पुग्यो । अघिल्लो आवको यो आँकडा रु. २ खर्ब २९ अर्ब बराबर रहेको थियो । विशेष गरी यो घाटा २०४६ सालयता सामान्यतया र २०६३ सालपश्चात् ह्वात्तै बढेर

बाँकी पृष्ठ ८ मा



भक्तपुरको नगांचा टोलमा गाथामुग: (घण्टाकर्ण) जात्रा मनाउने तयारी गर्दै मङ्गलबार स्थानीय नेवार समुदायमा मनाइने गाथामुग: चन्हे (घण्टाकर्ण चतुर्दशी) श्रावण कृष्ण चतुर्दशीका दिन भक्तपुरमा विशेष रूपमा मनाइन्छ ।

*तस्बिर : मजदुर दैनिक*

# सहरी क्षेत्रमा यसै वर्षदेखि फाइब-जी सेवा सुरु २०३५ सम्ममा देशभर पुऱ्याइने

काठमाडौँ, २६ साउन । नेपालको दूरसञ्चार क्षेत्रलाई उच्च गतिको मोबाइल ब्रोडब्यान्डमा रूपान्तरण गर्दै एक दशकभित्र देशभर फाइब-जी सेवा विस्तार गर्ने लक्ष्यका साथ नेपाल दूरसञ्चार प्राधिकरणले ‘मोबाइल ब्रोडब्यान्ड सुधार योजना (नेपाल्स रोड टु फाइब-जी)’ को मस्यौदा सार्वजनिक गरेको छ । नेपालमा फाइब-जी सेवा सुरु र विस्तारका लागि अबको मार्गचित्रका रूपमा हेरिएको उक्त योजनाले शहरी क्षेत्रमा यसै वर्षदेखि र सन् २०३५ सम्म देशभर फाइब-जी पहुँच पुऱ्याउने दीर्घकालीन लक्ष्य राखेको हो ।

प्राधिकरणले नेपालको मोबाइल दूरसञ्चार सेवाको वर्तमान अवस्था, मोबाइल डेटा सेवाको बढ्दो माग, अन्तर्राष्ट्रिय अभ्यास, सेवा प्रदायकबाट प्राप्त विवरण तथा विभिन्न सरोकारवालासँगको छलफलका आधारमा तयार गरेको उक्त मस्यौदा सार्वजनिक गर्दै सम्बन्धित पक्षबाट १५ दिनभित्र राय, सुझाव तथा सल्लाह उपलब्ध गराउन आग्रह गरेको छ । प्रस्तावित मार्गचित्रअनुसार सन् २०२७ सम्म देशभर मोबाइल ब्रोडब्यान्डको औसत गति कम्तीमा २० एमबीपीएस पुऱ्याउने, सन् २०३० सम्म नगर क्षेत्रमा १०० एमबीपीएसको गति उपलब्ध गराउने र सन् २०३५ सम्म देशभर फाइब-जी सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ लाई नेपालको दूरसञ्चार सेवामा उल्लेख्य सुधार देखिने गरी काम गरिरहेको छ । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच विस्तार र गुणस्तर सुधारमा उल्लेखनीय परिवर्तन देखिने गरी काम गर्न मन्त्रालय तथा मातहतका निकायलाई निर्देशन दिइसक्नुभएको छ । सरकारको यो प्राथमिकतासँगै प्राधिकरणले पनि सेवा प्रदायकलाई फाइब-जी सञ्चालनका लागि ठोस कार्ययोजना पेश गर्न निर्देशन दिइसकेको छ । यही साउन २२ गते प्राधिकरणले मोबाइल सेवा प्रदायकलाई प्रमुख शहरी क्षेत्रबाट फाइब-जी सेवा सुरु गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना तयार गरी पेश गर्न निर्देशन दिएको हो । साथै देशभर फोर-जी सेवाको पहुँच तथा गुणस्तर सुधारलाई समेत प्राथमिकतामा राख्न भनिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक मिनप्रसाद अर्यालका अनुसार फाइब-जी सञ्चालनका लागि आवश्यक फ्रिक्वेन्सी छुट्याउने तथा बाँडफाँट गर्ने काम शीघ्र अघि बढाउने तयारी भइरहेको छ । सरकार र नियामक निकाय फाइब-जी सञ्चालनका लागि तयार रहेको अवस्थामा सेवा प्रदायकले पनि आवश्यक तयारी र तदारुकता देखाउनुपर्ने उहाँको भनाइ छ । फाइब-जीका लागि छुट्टै प्रविधिमा आधारित संरचना प्रयोग गर्ने वा विद्यमान संरचनालाई स्तरोन्नति गरी नयाँ प्रविधि सञ्चालन गर्ने विषय सेवा प्रदायकको प्राविधिक तथा व्यावसायिक निर्णयसँग जोडिएको छ । तर नियमनका दृष्टिले आवश्यक फ्रिक्वेन्सी व्यवस्थापन गर्न प्राधिकरण तयार रहेको उहाँले राससससँग बताउनुभयो ।

मोबाइल सेवाको विकाससँगै नेपाली दूरसञ्चार बजारमा डेटा खपत तीव्र गतिमा बढिरहेको छ । प्राधिकरणका अनुसार पछिल्ला वर्षमा नेपालमा मोबाइल डेटा ट्राफिक वार्षिक करिब ३० देखि ४० प्रतिशतले बढेको छ । आगामी दिनमा पनि डेटा माग तीव्र रूपमा बढ्ने प्रक्षेपण गरिएकाले थप स्पेक्ट्रम, स्मल सेल, उच्च क्षमताको ब्याकहल नेटवर्क तथा आधुनिक मोबाइल प्रविधि आवश्यक हुने देखिएको छ ।

नेपालमा फाइब-जी सेवाको व्यावहारिक सम्भाव्यता परीक्षण भने सन् २०२३ मै सुरु भएको थियो । नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) लाई २६०० मेगाहर्ज ब्यान्डमा ६० मेगाहर्ज स्पेक्ट्रम उपलब्ध गराएर फाइब-जी परीक्षण गरिएको थियो । काठमाडौँको बबरमहल र सुन्धारा तथा पोखरा र वीरगञ्जलगायतका स्थानमा गरिएको परीक्षणका क्रममा अधिकतम १ जीबीपीएससम्मको डेटा गति हासिल भएको प्राधिकरणको मस्यौदामा उल्लेख छ । उक्त परीक्षणले शहरी क्षेत्रमा ‘मिडब्यान्ड स्पेक्ट्रम’ प्रयोगको सम्भाव्यता, ब्याकहल नेटवर्कको तयारीको महत्त्व तथा भविष्यमा आवश्यक पर्ने ‘स्केलेबल स्पेक्ट्रम’ व्यवस्थापनको आवश्यकता देखाएको थियो ।

फाइब-जी विस्तारका लागि नेपालले विद्यमान मोबाइल प्रविधिको व्यवस्थापन र क्रमिक विस्थापनसमेत गर्नुपर्ने देखिएको छ । हाल सेवा प्रदायकले मुख्यत: टु-जी, थ्री-जी र फोर-जी नेटवर्क सञ्चालन गरिरहेका छन् । फाइब-जी थपिँदा एकैपटक चार पुस्ताका मोबाइल नेटवर्क सञ्चालन गर्नुपर्ने हुन्छ, जसले पूर्वाधार, स्पेक्ट्रम र सञ्चालन खर्च बढाउने अवस्था सिर्जना गर्छ ।

प्राधिकरणको मस्यौदामा हाल थ्री-जी डेटा प्रयोगकर्ता तीन प्रतिशतभन्दा कम रहेको उल्लेख छ । तर थ्री-जी सञ्चालनका लागि स्पेक्ट्रम र सञ्चालन खर्च भने निरन्तर भइरहेको छ । त्यसैले थ्री-जी सेवाको चरणबद्ध अन्त्य गरी उपलब्ध स्रोतलाई फोर-जी तथा फाइब-जीमा केन्द्रित गर्ने रणनीति प्रस्ताव गरिएको छ । मस्यौदाले थ्री-जी सेवा विस्थापनका लागि सन् २०२७ देखि फोर-जी सेवा बन्द गर्ने तथा उपभोक्तालाई आधुनिक प्रविधितर्फ स्थानान्तरण गर्न सेवा प्रदायकले अभियान र प्रवर्द्धनात्मक प्याकेज सञ्चालन गर्ने प्रस्ताव गरेको छ । साथै नयाँ थ्री-जी ह्यान्डसेट तथा उपकरण आयात रोक्ने प्रस्तावसमेत गरिएको छ ।

नेपालमा मोबाइल ब्रोडब्यान्ड विस्तारको अर्को प्रमुख चुनौती उपलब्ध स्पेक्ट्रमको सीमितता हो । हाल सेवा प्रदायकलाई करिब २३८.२ मेगाहर्ज मोबाइल स्पेक्ट्रम बाँडफाँट गरिएको भए पनि विभिन्न ब्यान्डमा तोकिएको सीमा र एउटै स्रोतमा विभिन्न पुस्ताका प्रविधि सञ्चालन हुँदा उपलब्ध स्पेक्ट्रममा दबाब छ । प्राधिकरणका अनुसार हाल करिब ३५ प्रतिशत सेल अधिकतम फिजिकल रिसोर्स ब्लक उपयोगको अवस्थामा छन् । बढ्दो डेटा मागलाई सम्बोधन गर्न नेटवर्क क्षमता विस्तार आवश्यक देखिएको छ । त्यसका लागि फोर-जी सेवाले विद्यमान ब्यान्डको पूर्ण क्षमता प्रयोग गर्न सक्ने गरी थप स्पेक्ट्रम उपलब्ध गराउने तथा क्यारियर एग्रिगेसनलाई अनिवार्य गर्ने प्रस्ताव गरिएको छ ।

फाइब-जीका लागि परम्परागत ‘म्याक्रो सेल’मा मात्र आधारित नेटवर्क पर्याप्त नहुने प्राधिकरणको निष्कर्ष छ । विशेषगरी शहरी क्षेत्रमा डेटा ट्राफिक अत्यधिक बढ्ने भएकाले माइक्रो, पिको तथा फेम्टो सेलजस्ता ‘स्मल सेल’ विस्तार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । घना शहरी क्षेत्रमा स्मल सेलमार्फत नेटवर्क क्षमता, स्पेक्ट्रमको प्रभावकारी उपयोग र पहुँच सुधार गर्ने लक्ष्य राखिएको छ । त्यस्तै फाइबर विस्तार आर्थिक वा भौगोलिक रूपमा कठिन रहेका दुर्गम तथा अर्धशहरी क्षेत्रमा ‘फिक्स्ड वायरलेस एक्सेस’ (एफडब्लूए) लाई ब्रोडब्यान्ड विस्तारको प्रभावकारी माध्यमका रूपमा प्रयोग गर्ने प्रस्ताव गरिएको छ । पूर्वाधार तथा सडक संरचना साझेदारीमार्फत नयाँ नेटवर्क विस्तारको लागत घटाउने उपाय पनि प्रस्ताव गरिएको छ । शहरी तथा मुख्य राजमार्ग क्षेत्रमा फाइबर पूर्वाधार विस्तार भए पनि दुर्गम तथा हिमाली क्षेत्रमा भौगोलिक कठिनाइ र उच्च लागतका कारण अझै माइक्रोवेभ लिङ्कमा निर्भरता रहेको छ । त्यसैले स्थान र भौगोलिक अवस्थाअनुसार फाइबर तथा माइक्रोवेभ ब्याकहल दुवैको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता मस्यौदामा औँल्याइएको छ ।

अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ ( आईटीयू) को आईएमटी-२०२० मापदण्डअनुसार फाइब-जी पाँचौँ पुस्ताको मोबाइल प्रविधि हो । जसले उच्च डेटा गति र धेरै उपकरणलाई एकैपटक जोड्न सक्ने क्षमता प्रदान गर्ने लक्ष्य राख्छ । यसको अधिकतम डेटा गति २० जीबीपीएससम्म पुग्न सक्ने र डाउनलोड गर्नका लागि लाग्ने समय मोबाइल उपकरणमा करिब चार मिलिसेकेन्ड तथा विशेष उपकरणमा अझ न्यून हुन सक्ने उल्लेख छ । यसकारण फाइब-जी सेवाबाट मोबाइल इन्टरनेट मात्र नभई औद्योगिक स्वचालन, स्मार्ट कृषि, टेलिमेडिसिन, स्मार्ट पर्यटन, विपद् व्यवस्थापन, स्वचालित प्रणाली तथा अन्य डिजिटल सेवाका लागि अत्यावश्यक पूर्वाधारका रूपमा हेरिएको छ ।

# भक्तपुर नगर कलाकार र सम्पदाले धनी नगर



भक्तपुर, २६ साउन । चण्डेश्वरी धिमे पुच:को छैठौँ वार्षिक साधारणसभा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शनिबार उद्घाटन गर्नुभयो ।

सभामा प्रमुख प्रजापतिले भक्तपुर नगर कलाकारै कलाकार र सम्पदा नै सम्पदा भएको नगर हो भन्नुभयो । अब इन्जिनियर नै इन्जिनियर भएको नगरको रूपमा चिनाउन अघि बढिरहेको उल्लेख गर्दै उहाँले बाजागाजामा नयाँ पुस्ताले धेरै ठाउँ पाउनु राम्रो कदम भएको बताउनुभयो ।

कला र संस्कृति सँगसँगै यहाँको स्थानीय उत्पादन जुजु धौ, काष्ठकला, भादगाउँ टोपी आदि जोगाउन र विकास गर्न लाग्नुपर्नेमा जोड दिँदै उहाँले आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढाएर यहाँको मौलिक शैलीका सम्पदाहरू संरक्षणमा सहयोग पुग्ने बताउनुभयो ।

साम्राज्यवादी देशले अहिले पनि प्यालेस्टिनी जनतामाथि जातीय नरसंहार गरिरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले कला र संस्कृति संरक्षण गर्ने र सामाजिक कार्य गर्ने भावनाको विकास गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । सामाजिक सञ्जालले गर्दा बालबच्चादेखि सबै जनाको बानी बिग्रेको बारे चिन्ता उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा अतिथि प्रजापतिले पुच:का गाइचा प्याखं कलाकारहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै

काठमाडौँ, २६ साउन । डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै गएको छ ।

वित्तीय प्रविधि (फिनटेक) र डिजिटल भुक्तानीमा मात्र सीमित नरही कन्टेन्ट क्रिएसन, गिग इकोनोमी, एल्गोरिदमलगायत क्षेत्रमा विस्तारभइ फराकिलो हुँदै गएको विज्ञहरूले बताएका छन् ।

राष्ट्रिय सभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित ‘डिजिटल अर्थतन्त्र’ सम्बन्धी छलफलमा विज्ञ रमाकान्त पाण्डेले डिजिटल अर्थतन्त्रको प्रभाव नेपाली बजारमा प्रभावकारी देखिएको बताउनुभयो । उहाँले कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरको गतिविधिले अर्थतन्त्रमा प्रभाव पार्न थालेको उल्लेख गर्दै डिजिटल प्रविधिको विकाससँगै नयाँ प्रकारका व्यवसाय र रोजगारीका क्षेत्र सिर्जना भइरहेको बताउनुभयो ।

“हिजो हामीले फिनटेक र डिजिटल मनीलाई मात्रै डिजिटल अर्थतन्त्रको रूपमा हेरिरहेका थियौँ, अहिले त्यो संरचनाबाट बाहिर आएका छौँ,” उहाँले भन्नुभयो । विज्ञ दिनेश विष्टले डिजिटल अर्थतन्त्रमा नेपालको भविष्य राम्रो भए पनि डिजिटल पूर्वाधार, फाइभजी नेटवर्क तथा कानुनी संरचनामा सुधार आएको बताउनुभयो ।

उहाँले डिजिटल सार्वजनिक पूर्वाधार (डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर) निर्माणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

“एउटा विद्यालय वा अस्पतालमा भएको डेटा अर्को निकायले लिन पाउने अधिकार छ कि छैन भन्ने विषयमै स्पष्ट कानुनी व्यवस्था आवश्यक छ,” विष्टले भन्नुभयो ।

“बैङ्कले ऋण दिन लालपुर्जा माग्छ । लालपुर्जा भूमि सुधारसम्बन्धी निकायसँग छ भने नागरिकसँग माग्नुको सट्टा सम्बन्धित निकायबाटै विवरण प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ,” उहाँले भन्नुभयो ।

उहाँले कम्पनी दर्ताको उदाहरण दिँदै प्रत्येक वर्ष हजारौँ कम्पनी दर्ता हुने र त्यस क्रममा विभिन्न निकायबिच धेरै चरणमा विवरण प्रमाणीकरण तथा आदानप्रदान गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । डेटा एक्सचेन्ज प्लेटफर्म निर्माण गर्न सके कम्पनी दर्तालगायत सेवामा लाग्ने समय उल्लेख्य रूपमा घटाउन सकिने उहाँको भनाइ थियो ।

“डेटा एक्सचेन्ज प्लेटफर्म ल्याउन सक्यौँ भने कम्पनी दर्तामा लाग्ने समय बचत गर्न सकिन्छ,” उहाँले भन्नुभयो ।

उहाँले व्यक्तिगत डेटा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको उदाहरण दिँदै नागरिकको व्यक्तिगत विवरण अनधिकृत रूपमा प्रयोग वा चुहावट भएमा सम्बन्धित निकाय जवाफदेही हुने व्यवस्था आवश्यक रहेको बताउनुभयो । डिजिटल अर्थतन्त्रको विकासका लागि प्रविधि र पूर्वाधारसँगै डेटा सुरक्षा, अन्तरसरकारी निकायबिच डेटा आदानप्रदान, डिजिटल सुशासन तथा आवश्यक कानुनी संरचनालाई प्राथमिकतामा राख्नुपर्नेमा छलफलका सहभागीले जोड दिएका थिए । ***(रासस)***

# अवैध नदी उत्खनन गर्नेहरू प्रहरी नियन्त्रणमा

मुस्ताङ, २६ साउन । कालीगण्डकी नदीको अवैध उत्खनन गर्ने सात व्यक्ति र उनीहरूले प्रयोग गरेका सात वटा ट्याक्टर र चालकलाई नियन्त्रणमा लिइएको छ ।

बिनाअनुमति अवैध रूपमा नदीजन्य प्राकृतिक स्रोत बालुवा उत्खनन गरी ओसारपसार गरेको आरोपमा ग १ त ७६५३, ग १ त ७५९७, ग१त ६६५३, ध१त ११४, ग १त ६०८८ र ग१त ६९५४ नम्बरको ट्याक्टरलाई बालुवासहित जिल्ला प्रहरी कार्यालय मुस्ताङले नियन्त्रणमा लिएको हो ।

उनीहरू जोमसोम-कोरला सडकखण्डअन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ स्थित एक्लेभट्टी नजिकको कालीगण्डकी नदी बगरमा अवैध रूपमा बालुवा उत्खनन गरी ओसारपोसार गर्दै थिए । जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक सन्तोष बस्यालले वर्षायामको समयमा कालीगण्डकी नदीमा नदीजन्य पदार्थको उत्खननले विपद्को जोखिम निम्तिन सक्ने जानकारी दिनुभयो । ***(रासस)***

# अलैंची रोप्न व्यस्त इलामका किसान

- रामकुमार लिम्बू

इलाम, २६ साउन । इलामको माङसेबुङ गाउँपालिका-२ पावाका युवा मिलन लिम्बूले यस पटक करिब १५ रोपनी क्षेत्रफल बारीमा अलैँचीखेती लगाउनुभयो । ३६ वर्षीय लिम्बूले जिल्लाकै सन्दकपुर गाउँपालिकाबाट प्रतिबोट रु. १४ का दरले भार्लाङ जातको तीन हजार बिरुवा खरिद गरेर रोप्नुभएको हो ।

अलैँचीले राम्रो मूल्य पाउन थालेपछि उहाँले अन्नबाली फल्ने बारी मासेर अलैँचीखेती सुरु गर्नुभएको हो ।

माइजोगमाई गाउँपालिका-५ का किसान दिनेश नेम्बाङले पनि यस पटक धानखेती मासेर अलैँचीखेती विस्तार गर्नुभएको छ । यस पटक तीन हजार बढी नयाँ अलैँचीको बिरुवा रोप्नुभएको छ । तीन वर्ष पहिले धान फल्ने खेत मासेर अलैँचीखेती सुरु गर्नुभएका उहाँले गत वर्ष १३ मन सुक्खा अलैँची उत्पादन गर्नुभयो ।

"आम्दानी र उत्पादनको तुलना गर्दा धानले भन्दा अलैँचीले धेरै राम्रो आम्दानी दिने भएकाले अलैँचीखेती विस्तारमा लागेको हुँ", उहाँले भन्नुभयो, "गत वर्षदेखि मूल्यसमेत राम्रो पाउन थालेको छ, नयाँ बिरुवाबाट उत्पादन हुन थालेपछि आम्दानी बढ्ने अपेक्षा छ ।" धान खाद्यान्नका लागि महत्त्वपूर्ण भए पनि अलैँची एक पटक लगाएपछि वर्षौंसम्म उत्पादन दिने भएकाले धान रोप्ने खेतमा अलैँची लगाएको उहाँको भनाइ छ ।

लिम्बू र नेम्बाङ मात्र होइनन्, देशकै अलैँचीको हब मानिने इलामका अधिकांश किसानलाई यतिबेला अलैँची रोप्न भ्याइनभ्याइ छ । यतिबेला अलैँची रोप्ने मुख्य सिजन हो । त्यसैले किसानहरू यति बेला अलैँची रोप्नमा व्यस्त देखिन्छन् । खाली रहेको पाखाबारी एवं अन्नबाली हुने खेतबारीमा समेत अलैँची रोप्नमा किसानको दिनचर्या बित्ने गरेको छ ।

जिल्लाका अधिकांश किसानको मुख्य आम्दानीको स्रोत अलैँची बनेको छ । पछिल्लो समय अलैँचीको मूल्य बढेसँगै यहाँका किसानहरू व्यावसायिक अलैँचीखेतीमा लागेका हुन् । पहिलेदेखि व्यावसायिक अलैँचीखेती गर्दै आएका किसानले खेती विस्तार गरेका छन् भने कसैले नयाँ खेती सुरु गरेका छन् ।

पहिलेदेखि अलैँचीको खेती गर्दै आउनुभएका माइजोगमाई गाउँपालिका-५ का किसान अर्जुन भण्डारीले यसवर्ष पनि अलैँचीखेती विस्तार गर्नुभएको छ । खाली रहेको पाखाबारीमा अलैँची गर्दै आउनुभएका भण्डारीले यस वर्ष धान फल्ने खेतमा अलैँचीखेती विस्तार गर्नुभएको हो । "विगतमा पाखाबारीको बागानबाट वार्षिक १० मन अलैँची उत्पादन गर्दै आएको छु । यस वर्ष अझ खेती विस्तार गरेको छु", उहाँले भन्नुभयो, "तीन वर्षपछि उत्पादनमा वृद्धि हुनेछ ।"

गत वर्ष मुख्य सिजनमा प्रतिमन (४० केजी) रु. एक लाख १५ हजारसम्म किनबेच भएको अलैँची यस वर्ष प्रतिमन रु. एक लाखमा किनबेच भइरहेकाले किसानहरू अलैँचीखेतीप्रति आकर्षित भएको इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष चेतनाथ पौड्याल (कृष्ण) को बुझाइ छ । "आफ्नै जग्गामा आम्दानीमूलक नगदेबाली लगाउने हो भने राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण अलैँची किसानहरूबाट देखिन्छ", उहाँले भन्नुभयो, "प्रतिमन रु. एक लाखमा एउटा किसानले अलैँची बेच्नु चानचुने कुरा होइन ।"

इलामका गाउँमा अलैँचीखेती किसानहरू बढ्दै गएको छ । खेर गइरहेको, अन्नबाली राम्ररी नफस्टाउने, पानी बगिरहने, बढी चिस्यान, सेपिलो, ओसिलो, छाँया पर्ने, भिरालो, कम गहिरो माटो भएको, कमसल जग्गाहरूमा समेत अलैँचीखेती गर्न सकिने भएकाले किसानहरू अलैँची खेतीतर्फ आकर्षित भएका हुन् । उनीहरूले खेतबारीमा अन्नबाली लगाउन छाडेर अलैँची रोपेका छन् । सामान्य अलैँचीखेतीबाट सुरु गरेका किसानले अहिले व्यावसायिक रूपमा अलैँचीखेती सुरु गर्न थालेका छन् । उत्पादन र मूल्यसमेत राम्रो हुँदै गएकाले किसानहरू अलैँचीखेतीतर्फ दिनप्रतिदिन आकर्षित बन्दै गएका हुन्

कम मेहनत र थोरै लगानीमा नै मनग्य आम्दानी हुन थालेपछि त्यस किसानहरू व्यावसायिक अलैँचीखेतीमा आकर्षित भएका हुन् । खेतबारीमा अन्नबाली लगाउने जनशक्ति अभाव र लगाएको अन्नबाली पनि बाँदरले खाइदिने समस्याले अधिकांश किसानले व्यावसायिक अलैँची खेती सुरु गरेका छन् । बाँझो रहेका पाखा पखेरामा समेत हुने भएपछि किसानहरूले व्यावसायिक रूपमा अलैँची खेती सुरु गरेका हुन् ।




**सीमापारिबाट मालसामान लिएर फर्किंदै स्थानीयवासी**

नेपाल-चीन उत्तरी कोरला नाकाबाट चीनको स्वशासित क्षेत्र तिब्बतको लिजी बजारबाट मालसामान किनमेल गरी फर्किंदै गरेका सीमावर्ती स्थानीय नागरिक । कोरला नाकाको सीमापारि चीनबाट नेपालीहरूलाई बिहान ९ बजे प्रवेश दिइन्छ भने दिउँसो १:०० बजेपछि मात्रै फर्किने पाइने व्यवस्था गरिएको छ । कोरला नाका विस २०८२ भदौ ३१ गतेबाट पूर्ण रूपमा सञ्चालनमा आएको हो । *तस्बिर: सुन्दरकुमार थकाली/रासस*

# गोसाइँकुण्ड मेला व्यवस्थापन तयारी सुरु

**- सरस्वती न्यौपाने**

रसुवा, २६ साउन । जनैपूर्णिमाका दिन पवित्र तीर्थस्थल गोसाइँकुण्डमा हरेक वर्ष लाग्ने धार्मिक मेलालाई सहज र सफल बनाउनेक्रममा ११ वटा उपसमिति गठन भई व्यवस्थापकीय काम सुरु भएको छ ।

लाङ्टाङ राष्ट्रिय निकुञ्जको अगुवाइमा सरसफाइ तथा वातावरण संरक्षण, स्वयंसेवक परिचालन, स्वास्थ्य सेवा, प्रचार-प्रसार, यातायात व्यवस्थापन, आर्थिक, समन्वय तथा आन्तरिक व्यवस्थापन, सुरक्षा, दररेट निर्धारण समितिलगायत ११ वटा समेत गठन भएसँगै तयारीको काम सुरु भएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आगामी भदौ १२ गते जनैपूर्णिमाका अवसरमा लाग्ने प्रसिद्ध धार्मिक तीर्थ गोसाइँकुण्ड मेला भर्न आउने श्रद्धालु भक्तजनको यात्रा सहज, सफल र सुरक्षित बनाउने उद्देश्यले गठन भएका उपसमितिहरूले काम सुरु गरेका छन् । यसैगरी स्थानीय तह र समुदाय, सुरक्षा निकाय, स्वास्थ्य संस्थाबिच समन्वयसहित सहकार्य भइरहेको छ ।

धार्मिक पैदलमार्गको मर्मतसम्भार तथा सरसफाइ, होटल तथा लजको सुदृढीकरण, खाना-नास्ता र खानेपानीको व्यवस्थापन, स्वास्थ्य शिविर सञ्चालनसहित उद्धार तथा राहत व्यवस्थापनसँग सम्बन्धित काम अघि बढेको गोसाइँकुण्ड गाउँपालिका-६ का वडाध्यक्ष दावा सिदार तामाङले जानकारी दिनुभयो । लेक लाग्ने समस्यालाई मध्यनजर गर्दै अक्सिजनसहितको चिकित्सक टोली गोसाइँकुण्डमा तैनाथ गरिने भएको छ ।

हिमालय उद्धार सङ्घका कार्यकारी निर्देशक गोविन्द बत्यालका अनुसार स्थानीय जिल्ला स्वास्थ्य कार्यालय, लाङ्टाङ राष्ट्रिय निकुञ्ज, जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, गोसाइँकुण्ड क्षेत्र विकास समिति, सञ्चारकर्मी तथा नागरिक समाजसँगको समन्वयमा स्वास्थ्य उपचार तथा उद्धार, सुरक्षा, प्रचारप्रसारलगायतका काम गरिने छ ।

गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङले मौसममा आउने प्रतिकूलताका आधारमा कुनै तीर्थयात्री गम्भीर बिरामी परेमा सम्भव हुनेमा सवारीसाधन र त्यसबाट नभए हेलिकोप्टर समेत प्रयोग गरी नि:शुल्क रूपमा बिरामीको उद्धार गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समुद्री सतहबाट चार हजार तीन सय ८० मिटर उचाइमा अवस्थित पवित्र गोसाइँकुण्डमा जनैपूर्णिमाका दिन स्नान, पूजा र दर्शन गर्नाले सम्पूर्ण देवदेवताको एकैसाथ दर्शन गरी पुण्य प्राप्त हुने धार्मिक विश्वाससहित नेपाल तथा भारतलगायत विभिन्न स्थानबाट उल्लेख्य सङ्ख्यका भक्तजन हरेक वर्ष गोसाइँकुण्ड पुग्ने गरेका छन् ।

काठमाडौँबाट यात्रा सुरु गरी पहिलो दिन रसुवाको देउराली र दोस्रो दिन गोसाइँकुण्ड पुग्न सकिने भएकाले गोसाइँकुण्ड प्रमुख धार्मिक गन्तव्यका रूपमा परिचित भई पहिलो रोजाइमा परेको भक्तजन सोनाम ग्याल्वो घलेले जानकारी दिनुभयो ।

मेला नजिकिँदै जाँदा स्थानीय होटल तथा व्यवसायीहरूले खाद्यान्न, दैनिक उपभोग्य सामग्री र आवश्यक सामान ढुवानी सुरु गरिसकेका छन् । होटल व्यवसायी पासाङ घ्युर्मी तामाङका अनुसार तीर्थयात्रीको चापलाई ध्यानमा राखी खाद्य सामग्रीको पर्याप्त व्यवस्थाका लागि ढुवानी कार्य सुरू भइसकेको छ । पैदलमार्गमा २०० वटा (थर्कु) छाप्रा बनाउने काम सुरु भएको वडाध्यक्ष तामाङले जानकारी दिनुभयो ।

धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र हिमाली सभ्यताको अनुपम सङ्गमका रूपमा परिचित गोसाइँकुण्डमा यस वर्ष पनि हजारौँ श्रद्धालुको उपस्थिति रहने अपेक्षा गरिएको गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जिव डिएमले बताउनुभयो ।

यसैबिच, रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले गोसाइँकुण्ड मेला भर्न आउने यात्रुलाई आवश्यक सुरक्षा एवं उद्धारको आवश्यक व्यवस्था गरिएकाले निर्धक्क भई यात्रा गर्न अनुरोध गर्नुभएको छ । ***(रासस)***

# गड्यौला मल बेचेर लाखौँ आम्दानी

**- सिङ्गबहादुर थापा**

सर्लाही, २६ साउन । सर्लाहीको लालबन्दीका सन्त लोप्चनले रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मेहनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण पेस गर्नुभएको छ । लालबन्दी नगरपालिका-२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गड्यौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहनु भएको हो ।

चौध वर्षदेखि घरमै सञ्चालन गरेको फर्मबाट उत्पादन गरेको जैविक र गड्यौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल हुनुभएको छ । "मिहेनत गर्ने हिम्मत र हातमा सीप भए एक दुई लाख कमाउन विदेश जानु पर्दैन", लोप्चनले भन्नुभयो । धमाधम मल प्याकिङ गरिरहनु भएको लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताउनुहुन्छ ।

जैविक मल बोट बिरुवाको लागि निकै उपयोगी मानिन्छ । यहाँ उत्पादन भएको मल गाउँ घरमा गमलामा फूल रोप्नदेखि नर्सरीमा बिरुवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्दछन् । सुरुमा जैविक तथा गड्यौला मल बोटबिरुवाको लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उहाँको कथन छ । अहिले उहाँहरू आफैँ मल खोज्दै आउनहुन्छ, खुसी लाग्छ लोप्चनले सुनाउनुभयो । साना बेर्ना तथा बोट बिरुवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गड्यौला मलको माग उच्च रहेको उहाँले सुनाउनुभयो ।

गड्यौला मल कृषि बजारमा कालो हीरा (ब्ल्याक डाइमण्ड) को रूपमा बिक्री वितरण हुने गरेको छ । लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गड्यौला मल उत्पादनसम्बन्धी सात दिनको तालिम लिनुभएको थियो । तालिम लिएर आएपछि उत्पादन सुरु गर्नुभएको उहाँले बजार खोज्दाको सास्ती अझै भुल्नु भएको छन् । गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरुवामा हाल्ने मन ल्याउने चलन थियो । "मैले धेरै अनुरोध गरी सम्झाए बुझाएँ", उहाँले भन्नुभयो, "आफ्नो गाडीले १०/१० बोरा मल नि:शुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरेँ । खेती राम्रो भएपछि किसानहरू आफैँ मल खोज्दै आउन थाल्नुभयो ।"

तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीको लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो । त्यसपछि बजारले आफूलाई खोज्न थालेको उहाँले सुनाउनुभयो । तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गड्यौला पाएपछि सुरु गरेको मल उत्पादन अहिले उहाँको मनग्य आम्दानीको बाटो बनेको छ ।

लालबन्दी-२, जुटपानी घरैमा उहाँले लोप्चन गाई फर्म तथा भोर्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहनुभएको छ । सोही फर्मको नाममा बोरामा २५ किलोको दरले प्याक गरेको जैविक तथा गड्यौला मल काठमाडौँ, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ । जिल्लाका गमलामा फूल सजाउने बगैँचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसानसमेत यस मलप्रति आकर्षित भएका छन् ।

पच्चीस किलोको एउटा बोरा मलको रु. ३२५ पर्छ । "धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौँ पठाउने गरेको थिए", उहाँले भन्नुभयो, "भएनभन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु । उता पनि आफ्ना ग्राहक छन् ।" ट्रकमा ४०० बोराका दरले मल जान्छ । लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गर्नुभयो । अहिले दुई छोरा एउटा युरोप र अर्को मलेसियामा छन् । पुगेको छ । उसलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उहाँको भनाइ छ । लोप्चनले तीन सन्तानको पठनपाठन र लालनपालनको दायित्व अझै यसैको आम्दानीबाट पूरा गरिरहनुभएको छ । चार मजदुर र उहाँ र श्रीमती नियमित काममा लाग्ने गर्नुभएको छ ।

काठमाडौँमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामा समेत धौधौ भयो । त्यसपछि उहाँ भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर गाउँ फर्किनुभएको थियो । गाउँमा किसान समूह गठन गर्नुभएको थियो । समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने जाने गरिरहन्थे । उहाँहरूले दिनुभएको ज्ञानबाट यो पेसामा लग्न प्रेरित गरेको बताउनुहुन्छ । अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गड्यौला मल बिक्री गरेर रु. २० देखि २२ लाखसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ ।

सुरुमा गड्यौला समेत बिक्री गरेर आम्दानी गर्ने गरेको भए पनि अहिले मल उत्पादनमा जोड दिनुभएको छ । गड्यौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गड्यौला बिक्री गर्न छाडेको उहाँले बताउनुभयो । यहाँ गड्यौला मात्र प्रतिगोटा दुई रूपैयाँमा बिक्री हुन्छ । यसबाट समेत ठूलो रकम आम्दानी गर्न सकिने उहाँको सुझाव छ । गाउँघर र वनमा कुहिएर रहेका पातपतिङ्गर, पराललगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गड्यौला मल तयार गर्ने गरिएको लोप्चनले बताउनुभयो । गड्यौला मलको लागि गोबर मल प्रति ट्रेलर तीन हजार र ढुवानी र मजदुर खर्च १५ सय लगानी पर्ने उहाँको भनाइ छ ।

"जैविक घाँसपात र गोबर जम्मा गरेर गड्यौलालाई दिएपछि गड्यौलाले खाएर मल तयार गरिदिन्छ", उहाँले भन्नुभयो, "यसरी गड्यौलाले खाएर मलको रूपमा निकालेको धुलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ ।" लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दु:ख, फोहर र मोहर यसैमा रहेको उहाँ बताउनुहुन्छ ।

कम्पोष्ट मलको प्रयोगले जमिनको उर्बर शक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनालले बताउनुहुन्छ । रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमा समेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँको जोड छ । ***(रासस)***

। सम्पादकीय ।

# दमन, तोडफोड, आगजनी, भ्रष्टाचारको प्रतिवेदन कहिले कार्यान्वयन हुने ?

जनताका आन्दोलनलाई दबाउनेविरुद्ध नेका, एमाले, तत्कालीन माओवादी, रास्वपा नेतृत्वको सरकारमा बनेका आयोगहरूको प्रतिवेदन कार्यान्वयन भएन । २०४६ सालको शान्तिपूर्ण जनआन्दोलनमा निर्दलीय पञ्चायती सरकारले दमन गऱ्यो । सो आन्दोलनमा ४५ जनाको मृत्यु र ५ सय बढी घाइते भए । जनआन्दोलनको रापमा परेको पञ्चायती सरकार समाप्त भयो र २०४६ चैत २६ गते बहुदलीय व्यवस्था पुन:स्थापना भयो । नेकाबाट अन्तरिम सरकारको नेतृत्व गरेका कृष्णप्रसाद भट्टराईले न्यायाधीश जनार्दन मल्लिकको नेतृत्वमा पञ्चायती दमनविरुद्ध छानबिन समिति गठन गरे । सो समितिले मोटो प्रतिवेदन पेस गऱ्यो तर शान्तिपूर्ण जनआन्दोलन दबाउने पञ्चायती शासकहरू कसैमाथि कारबाही भएन, बरु नेका र एमालेमा ती दमनकारीहरूलाई स्वागत गरियो ।

२०४६ सालको जनआन्दोलनलाई निर्णायक बनाउन नेकाले भारतका नेताहरू चन्द्रशेखर, डीपी त्रिपाठीलगायतलाई काठमाडौँमा बोलाएको थियो । नेपाल र भारतका जनताबिच एकापासमा आन्दोलनप्रति ऐक्यबद्धता जनाउनु स्वाभाविक हो तर भारतीय शासकवर्गले नेपालको आन्दोलनमा साथ दिएको निहुँमा बहुदलीय व्यवस्था पुन:स्थापनापछि महाकाली, कर्णाली, पश्चिम सेती, अरूणलगायत नदीनाला लेखाएर लियो । यसअघि २००७ सालको आन्दोलनमा साथ दिएको निहुँमा भारतीय शासकवर्गले कोसी र गण्डकको पानी लेखाएर लियो ।

भारतीय शासकवर्गले पुष्पकमल दाहाल र बाबुरामलगायत तत्कालीन माओवादी नेताहरूलाई आश्रयमा राखी नेपालमा सशस्त्र द्वन्द्व सुरु गरायो । २०६२/६३ मा नेका, एमालेसमेतलाई मिलाएर निर्णायक आन्दोलन गराउन सहयोग गरेको निहुँमा भारतीय शासकवर्गले नेपालको संविधानमा 'हिन्दू राज्य' र 'सम्पूर्ण मधेस एक प्रदेश' बनाउन दबाब दिए । नेपाली जनताले बहुसांस्कृतिक देशसहित धर्मनिरपेक्ष र एउटा प्रदेशमा हिमाल-पहाड-तराई भूभाग हुने संविधान बनाए । यद्यपि भारतीय शासकवर्गले शासक दलहरूलाई संविधानमा जनकपुरदेखि पर्सासम्म ८ जिल्लाको एक मधेस प्रदेश बनाउन लगायो । यसरी पालैपालो सरकारको नेतृत्वमा पुगेका नेका, एमाले, तत्कालीन माओवादी र मन्त्री भाग लिएका राप्रपा र मधेस आधारित दलहरूले भारतीय शासक वर्गसामु आत्मसमर्पण गरे । परिणाम नेपाललाई भारतको एक प्रदेशजस्तै बनाइयो र संरा अमेरिकाको उपनिवेशजस्तै हुने एमसीसी सम्झौतामा नेपालका शासक दलहरूलाई हस्ताक्षर गराइयो ।

२०६२/६३ को शान्तिपूर्ण जनआन्दोलनमा तत्कालीन राजा ज्ञानेन्द्र नेतृत्वको सरकारले दमन गऱ्यो र २६ जनाको मृत्यु तथा चार हजार बढी नेपाली घाइते भए । यो घटनाको छानबिन गर्न नेका, एमाले, तत्कालीन माओवादी र मधेस आधारित दलहरूको सरकारले पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीको नेतृत्वमा छानबिन समिति गठन गऱ्यो । तर, यो समितिको प्रतिवेदनअनुसार दमनकारीमाथि कारबाही भएन ।

२०७२ सालमा संविधान निर्माणको अन्तिम तयारी हुँदै थियो । कैलालीको टीकापुरमा हिंसात्मक घटना भयो । सर्वसाधारण र प्रहरीको मृत्यु भयो । यो घटनाको छानबिन गर्न पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा छानबिन आयोग बन्यो तर त्यसबेलाको सरकारले पनि यो आयोगको प्रतिवेदनअनुसार कसैलाई कारबाही गरेन ।

नेका, एमाले, तत्कालीन माओवादीका सरकारहरूले सम्पत्ति छानबिन प्रतिवेदन, ३८ किलो र ६१ किलो सुन तस्करीसम्बन्धी प्रतिवेदन, सरकारी-सार्वजनिक-गुठी जग्गासम्बन्धी प्रतिवेदन, समाजकल्याण परिषद्को अनियमिततासम्बन्धी प्रतिवेदनअनुसार कसैलाई कारबाही गरेनन् बरू यी प्रतिवेदनमा प्रश्न उठाइएकाहरू आ-आफ्नो पार्टीमा हुल्याइए ।

जेनजी आन्दोलनको नाममा २०८२ भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभर सरकारी र निजी भवन तोडफोड एवम् आगजनी गरियो । यो आन्दोलनबाट डराएका एमालेका तत्कालीन प्रम केपी ओली भदौ २४ गते सेनालाई राजीनामा छोडेर सैनिक हेलिकप्टरमार्फत १२ दिन गुमनाम भए । राष्ट्रपति रामचन्द्र पौडेलसमेत ओलीको राजीनामा स्वीकृति गरी उनैलाई कामचलाउ प्रम घोषणा गरी गुमनाम भए । अन्ततः भदौ २७ गते राष्ट्रपति पौडेल संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री, प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचन घोषणा गर्न बाध्य भए । अन्तरिम सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा गठन गरेअनुसारको २०८२ भदौ २३ र २४ गतेको क्षति छानबिन प्रतिवेदनलाई अन्तरिम सरकार र निर्वाचनपछिको रास्वपाको बालेन सरकारले कार्यान्वयन गरेनन् । यो प्रतिवेदनमा नेपाली सेना परोक्षरूपमा संलग्न र रास्वपाबाट सांसद बनाइएका कतिपयको नामसमेत उल्लेख हुँदा कार्यान्वयन नगरिएको पनि सार्वजनिक भयो । यतिबेला रास्वपा सरकारको जिम्मामा दसभन्दा बढी प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने रहेको पनि बाहिरियो । सरकारमै रहेकाहरू दोषी हुने हुँदा यी प्रतिवेदनहरू कार्यान्वयन नभएको त होइन ? विगत र वर्तमान सरकार के एउटै ढ्याकको दुई पाताजस्तै हुन् ? फरक कसरी देखिएन ?

# इरान युद्धले उठाएको गम्भीर प्रश्न : के अमेरिका अब पनि एकल विश्व महाशक्ति र अजेय छ ?

✍ बाबुलाल भण्डारी

विश्व राजनीति र सामरिक इतिहासमा केही यस्ता संवेदनशील मोडहरू आउँछन्, जब कुनै युद्ध दुई देशबिचको सीमा वा सैन्य सङ्घर्षमा मात्र सीमित रहँदैन । त्यसले एउटा सिङ्गो युगको शक्ति-सन्तुलन, स्थापित विश्व व्यवस्थाको चरित्र र स्वघोषित 'अजेय' महाशक्तिको वास्तविक सामर्थ्यमाथि नै अस्तित्वगत प्रश्न खडा गरिदिन्छ । अहिले इरानसँगको भयङ्कर युद्धमा फसेको संयुक्त राज्य अमेरिकाको सामु ठ्याक्कै यस्तै नियति र गम्भीर सङ्कट खडा भएको छ । इतिहासमै पहिलोपटक अमेरिका आफ्नो साम्राज्यवादी प्रतिष्ठा गुमाउँदै रक्षात्मक र लाचार स्थितिमा धकेलिएको छ ।



पछिल्ला दिनहरूमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रक्षामन्त्री पिट हेगसेथबिच इरान युद्धका क्रममा अमेरिकी क्षेप्यास्त्र तथा अत्याधुनिक हतियारको भण्डारमा परेको अभूतपूर्व दबाबबारे चर्को मतभेद सतहमा आएको छ । द वासिङटन पोस्टका अनुसार ट्रम्पले क्याम्प डेभिडमा हतियार अभावसम्बन्धी गोप्य रिपोर्टबारे रक्षामन्त्रीसँग कडा जवाफ मागेका थिए । त्यसपछि क्रुद्ध बनेका ट्रम्पले सूचना बाहिर ल्याउनेहरूलाई 'लीकर' भन्दै कारबाहीको चेतावनी दिए । यस घटनाले के स्पष्ट पार्छ भने, इरानसँगको युद्धमा अमेरिकाले भोग्नुपरेको वास्तविक क्षति र असफलताको आँकडा सञ्चार जगतबाट पूर्ण रूपमा लुकाउने असफल प्रयास भइरहेको छ ।

अमेरिकी सैन्य इतिहासमै सम्भवत: अहिले पहिलो घटना बनेको छ, जहाँ पेन्टागन, गुप्तचर संस्था सीआईए र कमान्डर अफ चिफ अफ स्टाफका शीर्ष सैन्य अधिकारीहरूले नै राष्ट्रपतिलाई इरानविरुद्धको युद्ध जित्न असम्भव रहेको स्पष्ट र लिखित सुझाव दिन थालेका छन् । इरानको अभेद्य भूगोल, रणनीतिक धैर्य, भूमिगत 'मिसाइल सिटी' र जनस्तरको प्रतिरोधका अगाडि अमेरिकी हमलाको उद्देश्य आंशिक रूपमा पनि हासिल हुन सकेको छैन । पेन्टागनका शीर्ष रणनीतिकारहरूले 'इरानलाई सैन्य बलका आधारमा पराजित गर्न नसकिने' र युद्ध लम्बिँदै गए अमेरिकाको आफ्नै सामरिक पतन तीव्र हुने चेतावनी दिइरहेका छन् । हिजोसम्म विश्वलाई धम्काउने अमेरिका आज आफैँ इरानबाट धम्की र चेतावनी सहनुपर्ने निरीह अवस्थामा आइपुगेको छ ।

इरान युद्धले अमेरिकी उच्च प्रविधिको घमण्डलाई पनि धुलिसात् बनाइदिएको छ । विश्वकै शक्तिशाली मानिएका अमेरिकी हवाई सुरक्षा प्रणाली 'थाड' र 'पेट्रोइट' इरानी ब्यालिस्टिक क्षेप्यास्त्र र सस्ता 'आत्मघाती' ड्रोनहरूको भारी वर्षाअगाडि पूर्ण रूपमा असफलसिद्ध भएका छन् । त्यति मात्र होइन, अमेरिकी श्रेष्ठताका प्रतीक मानिने अत्याधुनिक एफ-१६, एफ-३५ स्टेल्थ फाइटर जेटहरू र अपाचे युद्धक हेलिकोप्टरहरू इरानी क्षेप्यास्त्र र क्षेप्यास्त्र रक्षा प्रणालीबाट खस्ने क्रम तीव्र रूपमा बढेको छ । अरबौँ डलरका यी युद्धक विमान र प्रतिरक्षा प्रणालीहरू क्षणभरमै खरानी हुनुले अमेरिकी सामरिक प्रविधि अजेय हुनुको भ्रम सधैँका लागि तोडिदिएको छ ।

आधुनिक युद्धको कठोर सत्य के हो भने, अत्यन्त महँगो हतियारले सस्तो हतियारसँग रोक्न खोज्दा आर्थिक गणित उल्टिन्छ । एउटा अमेरिकी थाड वा प्याट्रिएट इन्टरसेप्टर क्षेप्यास्त्रको मूल्य ३० देखि ५० लाख डलरसम्म पर्छ, जबकि त्यसलाई छेड्न इरानले प्रयोग गर्ने सस्तो ड्रोन वा क्षेप्यास्त्रको मूल्य केही हजार डलर मात्र हुन्छ ।

सीएसआइएस र अन्य रणनीतिक विश्लेषणहरूका अनुसार अमेरिका र उसका सहयोगीहरूले इरानी आक्रमण रोक्न आफ्ना बहुमूल्य र सीमित इन्टरसेप्टरहरूको ठूलो हिस्सा खर्च गरिसकेका छन् । अमेरिकी प्रशासनले हतियार भण्डार खाली हुँदै गएको स्वीकार्दै हतियार पुन:पूर्तिका लागि अतिरिक्त बजेट माग्न बाध्य भएको छ । वाल स्ट्रिट जर्नलका अनुसार, युद्ध लम्बिँदै जाँदा युक्रेन र इजरायललाई दिइने हतियार आपूर्ति ठप्प प्राय: भएको छ । यसले के प्रमाणित गर्छ भने आधुनिक युद्ध केवल प्रविधिको होइन, औद्योगिक उत्पादनको गति र भण्डारणको क्षमताको पनि हो, जहाँ अमेरिका पूर्ण रूपमा पछाडि परेको छ ।

अरबी देशहरूबाट अमेरिकी बहिर्गमन र खाडीमा फैरिएको समीकरण यसको अर्को पक्ष छ । अर्थात्, युद्धको सबैभन्दा ठूलो धक्का खाडी क्षेत्रमा अमेरिकी उपस्थितिमा परेको छ । दशकौँदेखि अमेरिकी सुरक्षा छातामा सुतिरहेका साउदी अरब, युएई, कतार र बहराइनजस्ता अरबी मुलुकहरूले अब अमेरिकालाई आफ्नै सुरक्षाका लागि 'बोझ' र 'खतरा' मान्न थालेका छन् । इरानले स्पष्ट सन्देश दिएको छ - आफ्नो भूमिमाथि आक्रमण गर्न प्रयोग हुने कुनै पनि देशमा अवस्थित अमेरिकी सैन्य बेसलाई छाडिने छैन ।

यसको परिणामस्वरूप, अरबी देशहरूमा जनस्तरबाटै अमेरिकी सैनिक र बेसहरू हटाउन तीव्र दबाब बढेको छ । साउदी अरब र युएईजस्ता देशहरूले अमेरिकी वायुसेनालाई आफ्नो भूभाग प्रयोग गर्न रोक लगाउन थालेपछि अमेरिकाले बाध्य भएर आफ्ना सैन्यबेसहरू खाली गर्दै सैनिकहरू फिर्ता बोलाउनुपरेको छ । पर्सियन खाडीबाट अमेरिकाको यो अपमानजनक बहिर्गमनले मध्यपूर्वमा अमेरिकी एकाधिकारको लगभग अन्त्य गरिदिएको छ ।

उता सामरिक रूपमा अति संवेदनशील 'हर्मुज जलडमरूमध्य' मा इरानको पकड झन् कडा भएको छ । विश्वको २५ प्रतिशत कच्चा तेल ओसारपसार हुने यो समुद्री मार्गमा इरानी नियन्त्रणका अगाडि अमेरिकी नौ सेना लाचार बनेको छ । स्थिति यतिसम्म नाजुक भएको छ कि अमेरिकी अधिकारीहरू नै अब हर्मुजमाथिको इरानी नाकाबन्दी र नियन्त्रणलाई स्वीकार गर्दै यसको वैकल्पिक व्यापारिक मार्ग खोज्नुपर्ने लज्जास्पद तर्क दिन थालेका छन् ।

उता, बब अल मन्देव र लाल सागरमा यमनी हुथीहरूले आफ्नो आक्रमणलाई अभूतपूर्व रूपमा चर्काएका छन् । हुथीहरूले साउदी जहाज, अमेरिकी युद्धपोत र साउदी अरबका रणनीतिक संरचनाहरूमाथि निरन्तर क्षेप्यास्त्र र ड्रोन प्रहार गरिरहेका छन् । इरान झन् बलियो र आक्रामक भएर निस्किएको छ भने यमनदेखि लेबनान र इराकसम्मका प्रतिरोधको अक्ष (Axis) ले अमेरिकी र साउदी गठबन्धनको कम्मर भाँचिदिएको छ ।

कुनै पनि युद्ध जित्न हतियार मात्र होइन, सैनिकको मनोबल र राजनीतिक इच्छाशक्ति चाहिन्छ । लगातारको असफलता, अत्याधुनिक विमानहरूको क्षति र घर फर्कने अनिश्चितताका कारण मध्यपूर्वमा रहेका अमेरिकी सेनाको मनोबल इतिहासकै तल्लो स्तरमा गिरेको छ । अमेरिकाभित्रै युद्धविरोधी प्रदर्शनहरू चर्किएका छन् भने कूटनीतिक रूपमा पनि ट्रम्प प्रशासन एक्लिएको छ ।

अमेरिका अहिले जुनसुकै मूल्यमा युद्धविराम वा सम्झौताका लागि इरानसमक्ष अनुनय-विनय गर्ने अवस्थामा पुगेको छ । तर, युद्धमा आफ्नो पकड बलियो बनाएको इरान भने अमेरिकासँग कुनै पनि शर्तमा सम्झौता गर्न पूर्ण रूपमा अनिच्छुक देखिएको छ । इरानले स्पष्ट पारिसकेको छ, जबसम्म मध्यपूर्वबाट अन्तिम अमेरिकी सैनिक बाहिरिँदैन, तबसम्म कुनै वार्ता वा सम्झौता सम्भव छैन ।

प्रश्न उठेको छ, के अमेरिका अझै पनि एकल विश्व महाशक्ति हो ? यस प्रश्नको उत्तर अब प्रस्ट भइसकेको छ । अमेरिका अझै पनि सैन्य र आर्थिक दृष्टिले ठूलो शक्ति अवश्य हो, तर उसले 'एकल विश्व महाशक्ति' को हैसियत र अजेय हुनुको बिल्ला गुमाइसकेको छ ।

चीन आर्थिक र प्रविधिको शीर्षस्थानमा उभिएको छ, रुस सैन्य र आणविक रूपमा निर्णायक बनेको छ, अनि इरानले क्षेत्रीय युद्धको नयाँ ढाँचामार्फत महाशक्तिलाई घुँडा टेकाउन सकिन्छ भन्ने प्रमाणित गरिदिएको छ । विश्व अब बहुध्रुवीय ढाँचामा औपचारिक रूपमा प्रवेश गरिसकेको छ ।

**निष्कर्ष**

इरान युद्धले अमेरिकालाई एउटा ऐतिहासिक र कठोर पाठ सिकाएको छ, संसारलाई केवल बम, क्षेप्यास्त्र र धम्कीले नियन्त्रण गर्न सकिँदैन । साम्राज्यवादी अहङ्कार, कमजोर औद्योगिक आधार र नैतिक पतनका बिचमा लडिने युद्धको परिणाम सधैँ पराजय नै हुन्छ । अमेरिकी कमान्डर, सीआईए र पेन्टागनको चेतावनीलाई उपेक्षा गरेर सुरु गरिएको यो युद्धले अमेरिकालाई महाशक्तिको उचाइबाट खसालेर एउटा गम्भीर सामरिक दलदलमा फसाइदिएको छ ।

इरान युद्धको यो रक्तरञ्जित र महँगो परिदृश्यले विश्व राजनीतिमा एउटा नयाँ सत्य स्थापित गरिदिएको छ, अमेरिकी साम्राज्यको सूर्य अस्त हुने क्रममा छ र एकल विश्व महाशक्तिको एकाधिकार सधैँका लागि अन्त्य हुने दिशामा छ ।

# तिब्बती प्रहरीको ठुलो संयम

✍ उ चियाओ (Wu Jiao)



१ चैत २०६४ अर्थात् यस वर्षको मार्चको दोस्रो हप्ताको शुक्रबार ल्हासामा भएको हुलदङ्गा नियन्त्रण गर्ने क्रममा तिब्बती प्रहरीले कुनै साङ्घातिक पाइला नचाली ठुलो संयम देखाएको कुरा तिब्बत स्वायत्त प्रदेश सरकारका अध्यक्ष छिआङ्गपा पुन्कोग (Qiangba Puncog) ले सोमबार बताए ।

"हुलदङ्गामा ठुलो धन-जनको क्षति भएको र सामाजिक अवस्था खल्बलिएको पेइचिङको एक समाचारलाई उनले जनाए ।

ल्हासा सहरमा त्यस दिन भएको हिंसामा कुटपिट, धनजनको क्षति, लुटपाट र आगजनी भएको थियो । हुलदङ्गा गर्नेहरूले ३०० भन्दा बढी ठाउँमा २१४ घर र पसलहरूमा आगो लगाए तथा ५६ सवारी साधनहरू आगो लगाए वा ध्वस्त पारे ।

एक ठाउँमा हुलदङ्गा गर्नेहरूले एक जना मानिसलाई पेट्रोल छर्केर आगो लगाई मारे ।

"६१ जना सैनिक प्रहरी घाइते भए । तीमध्ये ६ जनाको अवस्था गम्भीर छ । हुल्लड्बाजहरूले एक प्रहरी अधिकारीलाई बेहोस हुने गरी कुटे तथा फिलाबाट हात आकारको मासु काटिदिए" उनले बताए ।

"कानुनी कारबाहीमा सरकारी सुरक्षाकर्मी र प्रहरीले ठुलो संयम देखाए । सुरक्षा शक्तिले कारबाहीको क्रममा कुनै पनि घातक हतियारहरूको प्रयोग गरेन र अश्रु ग्याँस र पानीको फोहरा मात्रै प्रयोग गरिए ।"

प्रादेशिक सरकारले तुरुन्तै आगो निभाउन, घाइतेहरूको उद्धार गर्न र अस्पताल, विद्यालय, बैङ्क र सरकारी कार्यालयहरूको सुरक्षा गर्न तत्काल सङ्गठित कार्य दलका शक्तिहरू खटाइयो ।

हुलदङ्गालाई दबाउन सैनिक प्रयोग नगरिएको तर उद्धार कार्यमा सैनिकहरू प्रयोग भएको उनले बताए ।

कानुन लागू गर्ने निकायहरूले आत्मसमर्पण गर्ने हुल्याहाहरूलाई क्षमा दिने सूचना एक हप्ताभन्दा बढी प्रचार गरे ।

प्रकाशित सूचनामा 'यदि ती मानिसहरूले अपराधमा संलग्न अरु मानिसहरूको सूचना उपलब्ध गरेमा उनीहरूलाई नरम व्यवहार गरिनेछ' भन्ने उल्लेख भएको पुन्कोगले बताए ।

"हुलदङ्गामा ठुलो अपराध गर्ने व्यक्तिले कानुनबमोजिमको सजाय भोग्नुपर्नेछ ।"

कसैले आत्मसमर्पण गरे नगरेको भने आफूलाई थाहा नभएको उनको भनाइ थियो ।

छियाङ्गपा पुन्कोगले सो हुलदङ्गा देशी तथा विदेशी विखण्डनकारीहरूले गरेको षड्यन्त्रको परिणाम भएको बताए ।

यसको पूर्व योजना, गठन र प्रमुख योजनाकार दलाई लामाको गुट भएको उनले बताए । "ओलम्पिक खेलको अप्ठेरो घडीमा ध्वंसात्मक गतिविधिबाट विश्वका जनताको ध्यान आकृष्ट गर्ने हेतुले गरिएको अतिवादी कार्यमा विखण्डनकारीहरू र गैरकानुनी तत्त्वहरूको संलग्नता छ ।"

छियाङ्गपा पुन्कोगले केही पश्चिमीहरू र दलाई लामा समूहले हुलदङ्गालाई 'शान्तिपूर्ण प्रदर्शन' भनी समाचार बङ्ग्याएर प्रचार गरेबाट आफू आक्रोशित भएको बताए ।

कुनै पनि प्रजातान्त्रिक देशले ल्हासामा भएको जस्तो हुलदङ्गामा प्रदर्शित पाशविकता सहन नसक्ने उनको दाबी थियो ।

अहिले केन्द्रीय सरकारको नेतृत्वमा सामाजिक स्थिरता र सामाजिक व्यवस्था सन्तुलनमा आउनेमा उनले विश्वास व्यक्त गरे ।

"सामाजिक व्यवस्था खल्बलाउन वा तिब्बतलाई चीनबाट छुटाउन गरिने कुनै पनि दुष्कार्य तिब्बती जनताको इच्छाविरुद्ध हुनेछ र त्यस्ता कार्य असफल हुनेछ" उनले बताए ।

यता चिनियाँ विदेश मन्त्रालयले युरोप र संयुक्त राज्य अमेरिकामा दलाई लामासँग सम्बन्ध भएका तिब्बतीहरूले चिनियाँ दूतावासहरूमाथि गरेको आक्रमणको निन्दा गरेको छ ।

हुल्याहाहरूले चिनियाँ राजदूतावासका झ्याल र ढोकाहरू फुटाएका छन् - प्रवक्ता ल्यू चेइन्को ( Liu Jiencohao) ले बताए । उनले चिनियाँ नियोगहरूमा सुरक्षा स्थिति बलियो पार्न विदेशी सरकारहरूलाई आग्रह गरे ।

"तिब्बती स्वतन्त्रतावादीहरूले प्रदर्शन गरेको ज्यादतीले पुन: दलाई लामा गुटको विखण्डनवादी प्रकृति, धर्मको पाखण्ड र शान्तिपूर्ण तथा अहिंसात्मक प्रचारको प्रपञ्च उदाङ्गिएको छ" ल्यूले बताए ।

[Tibet–police exercised 'great restraint'–China Daily / The New Worker 21 March 2008]

***स्रोत : तिब्बत: उपद्रव र यथार्थ २०६५***

# तिब्बतमा फोहोरी खेल

● लान मोरिसन (Lan Morrison), पेइचिङ

१८ वर्षका चेन जिया (Chen Jia) को पनि अरु युवतीहरूको जस्तै इच्छा र आकाङ्क्षाहरू थिए र उनी बिहे गर्ने र बच्चा पाउने आफ्नो भविष्य हेर्दै थिइन् । अब यी सबै हुनसक्दैन किनभने चेन जिया यो संसारमै रहिनन् ।

तिब्बतको राजधानी ल्हासामा गत १ चैत २०६४ (१४ मार्च) को दिन भएको दङ्गामा चेन जियाको हत्या भयो । प्रदर्शनमा कम्तीमा १८ जनाको मृत्यु भएकोमा चेन र उनका चार सहकर्मीहरूको काम गर्ने पसलमा लगाइएको आगोमा जलेर मृत्यु भएको थियो ।

तर, पश्चिमी देशका टीभी, समाचार, वेभसाइट वा पुँजीवादी पत्रिकाहरू पल्टाउनुभयो भने तपाईंले चेन र उनका चार साथीहरूको मृत्युको खबर वा अरुहरूको हत्या वा गम्भीर घाइते जस्ता समाचारहरू पाउनुहुन्न । यसको सट्टा तपाईंले 'तिब्बती देशभक्तहरू' चिनियाँ दमनविरुद्ध साहसपूर्वक उठे र चिनियाँ सैनिकको आक्रमणको विरोध गरेको जस्ता समाचारहरूमात्र पढ्न, हेर्न र सुन्न पाउनुहुनेछ ।

सीएनएन (CNN), वासिङगटन पोस्ट ( The Washington Post) र बीबीसी ( BBC) जस्ता प्रमुख पश्चिमी सञ्चारमाध्यमले योजनाबद्ध रूपमा जानाजान प्रदर्शनका फोटाहरू बढाइचढाइ गरी गलत समाचारहरू फलाकिरहेका छन् । यहाँ केही उदाहरणहरू छन् - सीएनएन ( CNN) ले चिनियाँ सैनिक ट्रकहरूको काँटछाँट गरिएको फोटो, प्रदर्शनकारीहरूको भीडले ट्रकमा ढुङ्गा हानिरहेको चित्रको आधा फोटो देखाएको छ ।

वासिङटन पोस्ट (The Washington Post), जर्मनीका N-TN, RTJ TV र बिल्ड (Bild) समाचारपत्र सबैले चिनियाँ प्रहरी भनेर काठमाडौंमा तिब्बती प्रदर्शनकारीहरू र नेपाली प्रहरीबिच भएको भिडन्तको फोटो राखेका छन् - बीबीसी (BBC) समाचार वेभसाइटमा 'ल्हासामा ठुलो सैनिक उपस्थिति' भन्ने शीर्षक दिएर फोटो राखेको छ तर सो फोटोमा स्पष्ट रूपमा एउटा रेडक्रसको चिह्न भएको एम्बुलेन्स देखिन्छ ।

चीनमा स्थिति ठीक उल्टो छ । ल्हासामा के भएको थियो र यसको पछाडि को छ भन्ने कुरा सञ्चारमाध्यमलाई स्पष्ट थाहा छ । यसले बुद्ध धर्मावलम्बी भिक्षुहरूलगायतको हिंसात्मक प्रदर्शनकारीहरूको भीडले सहरलाई ध्वस्त पारेको र दिउँसै बाटोमा आएका जोकोही व्यक्तिलाई कुटेको देखाएको छ ।

वास्तवमा 'प्रदर्शनकारी' को जत्थाले व्यापक रूपमा जोकोही हान जाति वा मुसलमान देखिएकालाई संहार गर्ने ढङ्गले लठ्ठी र फलामको डण्डीले हानेको देखिन्छ ।




१९ वर्षे जोन केनउड (John Kenwood) क्यानाडाबाट १० दिन ल्हासामा बसेका थिए । उनले कम्तीमा ५ जना मानिसमाथि आक्रमण गरिएको र मोटरसाइकलका मानिसलाई मरणासन्न हुने गरी कुटिएको देखेको बताए ।

"तिनीहरूले उनलाई ठुलो ढुङ्गाले टाउकोमा हाने, उनी भुइँमा लडे र हिँड्न सकेनन् ।"

प्रदर्शनकारीहरूले घर र २१४ वटा पसलहरूलगायत ३०० ठाउँभन्दा बढीमा आगो लगाए । ५६ वटा सवारीसाधनमा आगो लगाएर ध्वस्त पारे तथा कार्यालय, बैङ्क, अस्पताल, पसल, सरकारी कार्यालय र सञ्चार कार्यालयहरूमा आक्रमण गरे ।

अमेरिकी समाचारपत्र 'विश्वका कामदार' (Workers World) को १९ मार्चको अङ्कमा तिब्बतमा भएका घटनाको ठुलो तयारी पहिले नै रहेको विस्तृत कुरा उल्लेख छ । गत जूनमा भारतको नयाँदिल्लीमा 'तिब्बतका साथीहरू' ( Friends of Tibet) को सम्मेलन भएको थियो । यसलाई तिब्बतबाट भगाइएका तिब्बती शरणार्थीहरूको सम्मेलन भनिएको थियो ।

त्यसबेला 'ओलम्पिक खेलले तिब्बतीहरूलाई बाहिर आउन र प्रदर्शन गर्न कसरी एक मौका दिनसक्छ' भन्ने कुरा सम्मेलनमा छलफल भएको कुरा फ्युल डट कम (Phayul.com) ले बताएको छ । अब हुन गइरहेको पेइचिङ ओलम्पिकलाई लक्षित गरी भारतबाट तिब्बतसम्म जुलुस गर्ने र तिब्बतलगायत विश्वका सबै ठाउँमा प्रदर्शन गर्न आह्वान गरिएको थियो ।

भारतमा बनेको सो सङ्गठनले जनवरीमा जारी गरेको निर्देशनअनुरूप नै तिब्बतमा हुलदङ्गा भड्काइएको हो । २५ जनवरीको प्रेसित समाचारअनुसार २००८ पेइचिङ ओलम्पिकलाई लक्षित गरी 'तिब्बती जनताको उठेको आन्दोलन' (Tibetan People's Uprising Movement) जनवरी ४ मा गठन भएको थियो । १० मार्चमा आन्दोलन सुरु गर्ने मिति तोकिएको थियो ।

त्यसबेला भारतका लागि अमेरिकी राजदूत डेभिड मलफोर्ड (David Mulford) ले दलाई लामालाई भारतको धर्मशालामा भेटेका थिए । गत नोभेम्बर महिनामा अमेरिकाका राज्य सचिव (Undersecretary of state) पाउला डोबरियन्स्की (Paula Dobriansky) ले धर्मशालामा यस्तै भेट गरेका थिए । डोबरियन्स्की नयाँ अमेरिकी शताब्दीका लागि नव-रुढीवादी संस्था (Neo-conservative Project) का सदस्य हुन् । पूर्वी युरोपमा 'रङ्ग क्रान्ति' (Colour Revolution) भनिएको प्रतिक्रान्तिमा पनि उनी संलग्न थिइन् ।

चीनको राष्ट्रिय जनप्रतिनिधिसभाका पूर्वउपाध्यक्ष, तिब्बती कम्युनिस्ट नेता रेग्डी ( Regdi) ले परिस्थितिको राम्रो निचोड निकाल्दै भने, "तिब्बत स्वायत्त क्षेत्रमा ढिलो वा चाँडो प्रदर्शन हुने नै छ । १९५९ को असफल विद्रोहदेखि यस्तो हिंसात्मक श्रृङ्खलाहरू दोहोरिएका छन् ।"

"केही पश्चिमी सञ्चारमाध्यम र राजनीतिज्ञहरूले सत्यतथ्यलाई योजनाबद्ध रूपमा बङ्ग्याउने र दुष्ट्याइपूर्वक ठुलो अपराधलाई पनि शान्तिपूर्ण प्रदर्शन भनेर बयान गर्ने गर्दछन् । त्यस्तै, सामाजिक स्थिरता कायम राख्न गरिएका हाम्रा कानुनी कार्यलाई हिंसात्मक कार्य भनेर बद्ख्वाइँ गरिएको छ," रेग्डीले बताए ।

तिब्बतमा सामाजिक स्थिरता र समृद्धि दलाई लामा र उनका अनुयायीहरूको लागि आँखाको कसिङ्गर हो । माथिल्लो वर्गका प्रतिनिधिहरू १९५१ को शान्तिपूर्ण मुक्ति वा तिब्बतीहरू आफ्नो राज्यको वास्तविक मालिक बनेको हेर्न चाहँदैनथे ।

*[Dirty work in Tibet–The New Worker, 28 Mar 08]*

***स्रोत : तिब्बत : उपद्रव र यथार्थ***




क्युवाको राजधानी हवानाको लिनिया स्ट्रीटस्थित सांस्कृतिक केन्द्रमा अवाना अन्तर्राष्ट्रिय पुस्तक मेलाको ३४ औं संस्करणको उद्घाटनपछि स्टलहरूको अवलोकन गर्दै क्युवाली कम्युनिस्ट पार्टीका प्रथम सचिव एवं क्युवाली राष्ट्रपति मिग्वेल डियाज कानेललगायत अगस्ट १०, २०२६ का दिन ।

*तस्बिर : ग्रान्मा*

# गोलानमाथि इजरायली दाबीलाई कोलम्बियाको मान्यता

बोगोटा, ११ अगस्ट (एएफपी) । कोलम्बियाको नवनियुक्त दक्षिणपन्थी सरकारले सिरियाबाट सन् १९६७ मा इजरायलले कब्जा गरेको गोलान हाइट्समा इजरायलको सार्वभौमिकता र नियन्त्रणलाई मान्यता दिएको छ । राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेला नेतृत्वको सरकारले पदभार सम्हालेको केही दिनमै लिएको यो निर्णयले कोलम्बियाको अघिल्लो सरकारको इजरायलसम्बन्धी नीतिमा ठुलो परिवर्तन ल्याएको छ ।

कोलम्बियाको विदेश मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा गोलान हाइट्समा इजरायली सार्वभौमिकतालाई मान्यता दिँदै बाह्य खतराबाट आफ्नो रक्षा गर्ने इजरायलको अधिकारलाई पनि समर्थन गरिएको जनाएको छ ।

विज्ञप्तिमा गोलान हाइट्समा इजरायलको नियन्त्रण र सार्वभौमिकता कायम रहनु उसको राष्ट्रिय सुरक्षाको आवश्यक पक्ष भएको कोलम्बिया सरकारले स्वीकार गरेको उल्लेख छ ।

सन् १९८१ मा इजरायलले गोलान हाइट्सलाई औपचारिक रूपमा आफ्नो भूभागमा गाभेको घोषणा गरेको थियो । उक्त कदमलाई अन्तर्राष्ट्रिय समुदायले व्यापक रूपमा मान्यता दिएको छैन । संयुक्त राज्य अमेरिका भने त्यसबेला इजरायलको कदमलाई मान्यता दिने एक मात्र देश बनेको थियो ।

संयुक्त राष्ट्रसङ्घले गोलान हाइट्सलाई इजरायली सैन्य कब्जामा रहेको सिरियाली भूभागका रूपमा मान्दै आएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत महिना पनि इजरायलको कब्जा ‘पूर्णतया अस्वीकार्य’ रहेको दोहोऱ्याउँदै गोलान हाइट्स सिरियाको हिस्सा भएको बताउनुभएको थियो ।

कोलम्बियाका राष्ट्रपति डे ला एस्प्रियेलाले शुक्रबार मात्र पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । चुनावी अभियानका क्रममा उहाँले कोलम्बियाभित्र सक्रिय सशस्त्र समूहविरुद्ध कडा नीति अपनाउने तथा अमेरिका र इजरायलसँग सम्बन्ध थप सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

नवनियुक्त राष्ट्रपतिको सरकारले इजरायलसँग सम्बन्ध सुधार गर्ने नीति अघि बढाइरहेका बेला गोलान हाइट्ससम्बन्धी निर्णय आएको हो । यसअघि वामपन्थी पूर्वराष्ट्रपति गुस्ताभो पेट्रोले गाजामा इजरायली सैन्य कारबाहीको कडा आलोचना गर्नुभएको थियो । उहाँको सरकारले इजरायलसँग कूटनीतिक सम्बन्ध तोड्नुका साथै कोलम्बियामा इजरायली हतियार आयातमा समेत रोक लगाएको थियो ।

हालका राष्ट्रपति डे ला एस्प्रियेलाले भने इजरायलसँग कूटनीतिक सम्बन्ध पुन:स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । गत महिना उहाँले इजरायलले आफ्नो राजधानीका रूपमा दाबी गर्दै आएको जेरुसेलममा कोलम्बियाको दूतावास खोल्ने योजना सार्वजनिक गर्नुभएको थियो । जेरुसेलमको हैसियत भने अन्तर्राष्ट्रिय रूपमा विवादित छ र अधिकांश देशले आफ्ना कूटनीतिक नियोग तेलअभिभबाट सञ्चालन गर्दै आएका छन् ।

गोलान हाइट्स रणनीतिक दृष्टिले महत्त्वपूर्ण उच्च भूभाग हो । सन् १९६७ को मध्यपूर्व युद्धका क्रममा इजरायलले सिरियाबाट यसको ठुलो भाग कब्जा गरेको थियो । सन् १९८१ मा इजरायलले उक्त क्षेत्रलाई आफ्नो कानुन, प्रशासन र अधिकार क्षेत्रभित्र ल्याउने निर्णय गरे पनि संयुक्त राष्ट्रसङ्घ र अधिकांश मुलुकले त्यसलाई मान्यता दिएका छैनन् ।

कोलम्बियाको पछिल्लो निर्णय राष्ट्रपति डे ला एस्प्रियेलाले अमेरिका र इजरायलसँग सम्बन्ध सुदृढ गर्ने घोषणा गरेअनुरूप आएको हो । उहाँको सरकारले अघिल्लो प्रशासनको इजरायल तथा गाजासम्बन्धी नीतिबाट स्पष्ट दूरी बनाउँदै नयाँ कूटनीतिक दिशा अघि बढाउने सङ्केत गरेको छ ।

कोलम्बियामा राष्ट्रपति डे ला एस्प्रियेलाले पदभार सम्हालेकै बेला पश्चिमी क्षेत्रमा शक्तिशाली भूकम्प गएर कम्तीमा १११ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद्का बिच सरकारले गोलान हाइट्ससम्बन्धी आफ्नो नयाँ नीति सार्वजनिक गरेको हो ।

# हर्मुज खोल्न जर्मनी–इरानबिच वार्ता

तेहरान, ११ अगस्ट (एएनआई) । इरानका विदेशमन्त्री अब्बास अराघची र जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलबिच हर्मुजको जलडमरुको सुरक्षा, त्यहाँको आवागमन तथा जारी द्वन्द्व अन्त्य गर्ने उपायबारे फोनवार्ता भएको छ । वार्ताका क्रममा जर्मनीले सबै जहाजका लागि सुरक्षित तथा स्वतन्त्र आवागमन सुनिश्चित गर्न कुनै सर्तबिना हर्मुजको जलडमरु खुला राख्न आग्रह गरेको छ ।

इरानी विदेशमन्त्री अराघचीले जलडमरुमा सुरक्षा कायम गर्न अमेरिकी सैन्य कारबाही रोकिनुपर्ने बताउनुभएको छ । उहाँले अमेरिकाले इरानी बन्दरगाहमा नौसैनिक नाकाबन्दी गरेको आरोप लगाउँदै त्यस्तो कारबाही जारी रहेसम्म जलमार्गको सुरक्षा सुनिश्चित गर्न कठिन हुने बताउनुभएको हो ।

अराघचीले अन्तर्राष्ट्रिय समुदायलाई हर्मुजको जलडमरु बन्द भए त्यसबाट उत्पन्न हुन सक्ने सुरक्षा तथा आर्थिक असरका लागि अमेरिकालाई जिम्मेवार ठहराउनसमेत आग्रह गर्नुभएको छ ।

जर्मन विदेशमन्त्री वाडेफुलले भने क्षेत्रीय छिमेकी तथा अमेरिकासँग द्वन्द्व अन्त्य गर्ने उपाय खोज्न रचनात्मक रूपमा वार्तामा सहभागी हुन अराघचीलाई आग्रह गर्नुभएको बताउनुभएको छ । उहाँले जलडमरुमा सबै जहाजको आवागमन स्वतन्त्र र सुरक्षित हुनुपर्नेमा जोड दिनुभएको छ ।

हर्मुजको जलडमरु विश्वको महत्त्वपूर्ण सामुद्रिक व्यापारिक मार्गमध्ये एक हो । यस क्षेत्रको तनावका कारण जलमार्गमा जहाजको आवागमन प्रभावित हुँदा विश्वव्यापी ऊर्जा आपूर्ति र आर्थिक गतिविधिमा असर पर्न सक्ने चिन्ता बढेको छ ।

यसैबिच, इरानको राष्ट्रिय सुरक्षा तथा विदेश नीतिसम्बन्धी संसदीय आयोगले आइतबार पर्सियन खाडी र हर्मुजको जलडमरुमा क्षेत्रीय सुरक्षा तथा दिगो विकास सुदृढ गर्ने उद्देश्यले रणनीतिक पहलको विस्तृत मस्यौदा पारित गरेको छ ।

इरानी सञ्चारमाध्यम प्रेस टिभीका अनुसार आयोगका प्रवक्ता हसन कासकवीले सांसदहरूले सम्बन्धित सरकारी निकाय तथा संस्थाका प्रतिनिधिसँग प्रस्तावित योजनाबारे छलफल गरेको बताउनुभएको छ । समितिका सदस्यहरूले सम्बन्धित निकायबाट प्राप्त मौखिक तथा लिखित सुझावको समीक्षा गरेपछि योजनाको सामान्य रूपरेखालाई सर्वसम्मतिले समर्थन गरेका थिए ।

‘हर्मुजको जलडमरु र पर्सियन खाडीको सुरक्षा तथा दिगो प्रगतिका लागि रणनीतिक कार्य’ शीर्षकको विधेयक प्रस्ताव गत जुलाई १३ मा इरानी संसद्मा औपचारिक रूपमा पेस गरिएको थियो ।

यसअघि शनिबार विदेशमन्त्री अराघचीले ओमानसँग हर्मुजको जलडमरुमार्फत हुने जहाज आवागमन व्यवस्थापनका लागि कानुनी संयन्त्र निर्माण गर्ने विषयमा सहमति निकै नजिक पुगेको बताउनुभएको थियो । यद्यपि, रणनीतिक जलमार्ग पुन:खोल्न थप सर्त पूरा गर्नुपर्ने उहाँको भनाइ थियो ।

अराघचीका अनुसार ती सर्तमा यसअघि भएको समझदारी उल्लङ्घन गरेको भन्दै अमेरिकाबाट क्षतिपूर्ति प्राप्त गर्ने विषयसमेत समावेश छ । इरानले जलडमरुको आवागमनसँग सम्बन्धित विषयलाई क्षेत्रीय सुरक्षा तथा आफ्नो सार्वभौमिकतासँग जोडेर हेर्दै आएको छ भने जर्मनीसहितका पश्चिमी मुलुकले सबै जहाजका लागि निर्बाध तथा सुरक्षित अन्तर्राष्ट्रिय जलमार्ग सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

# कोलम्बियामा शक्तिशाली भूकम्प, १११ जनाको मृत्यु

पेरेरा (कोलम्बिया), ११ अगस्ट ( एएफपी) । कोलम्बियामा सोमबार गएको ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा परी कम्तीमा १११ जनाको मृत्यु भएको छ भने करिब एक हजार पाँच सय भवनमा क्षति पुगेको छ । भग्नावशेषमा मानिसहरू पुरिएको आशङ्कामा स्वयंसेवक र उद्धारकर्मीहरूले खाली हात, बाल्टी तथा सामान्य उपकरणको सहायताले रातिसम्म उद्धार तथा खोजी कार्य जारी राखेका छन् ।

कोलम्बियाको सुरम्य कफी क्षेत्र तथा प्रशान्त तटीय क्षेत्रका विभिन्न सहरमा स्थानीय समयअनुसार बिहान ७:३० बजेपछि भूकम्प गएको थियो । शक्तिशाली कम्पनका कारण मानिसहरू आतङ्कित हुँदै घरबाट बाहिर निस्किएका थिए । राजधानी बोगोटासहित देशका विभिन्न भागमा भूकम्पको धक्का महसुस गरिएको थियो ।

क्विब्डोका कानुनका विद्यार्थी विल्मर कुएस्टाले आफूले अनुभव गरेको भूकम्पलाई निकै भयावह भएको बताउनुभयो । उहाँले मानिसहरू आत्तिएर घरबाट भागेको र कतिपय दोस्रो तलाबाट समेत हामफालेर बाहिर निस्किएको बताउनुभयो ।

नवनिर्वाचित राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले पद तथा गोपनीयताको शपथ लिएको तीन दिनपछि नै भूकम्पको विपद् सामना गर्नुपरेको छ । उहाँले आपत्कालीन अवस्था घोषणा गर्दै उद्धार तथा राहत



कार्यलाई प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

कालीमा स्वयंसेवकहरू छनोट, सामान्य उपकरण र आफ्नै हातको प्रयोग गर्दै भग्नावशेषमा पुरिएका मानिसको खोजीमा जुटेका थिए । आन्द्रेस फेलिप मेजिया पनि त्यहीमध्ये एक हुनुहुन्थ्यो । उहाँले आफूहरू भग्नावशेषमा फसेका सबैलाई जीवितै बाहिर निकाल्ने प्रयासमा रहेको बताउनुभयो ।

उहाँका अनुसार एक उद्धारकर्ताले भग्नावशेषभित्र फसेका मानिसलाई आफू जीवित रहेको सङ्केत दिन सिटी बजाउन आग्रह गरेका थिए । केही समयपछि भग्नावशेषभित्रबाट पनि सिटीको आवाज आएको थियो । उद्धारकर्मीहरूले त्यसपछि एक पुरुष र एक बालकलाई बाहिर निकाले पनि उनीहरूको परिवारकी एक महिला अझै भग्नावशेषमा फसेकी थिइन् ।

उद्धारकर्मीहरूले इँटा र कङ्क्रिटका टुक्रा हटाउन मानव साङ्लो बनाएर काम गरेका थिए । भग्नावशेषमुनिबाट कुनै आवाज वा जीवनको सङ्केत सुनिन्छ कि भनेर उनीहरू केही-केही मिनेटमा काम रोकेर सुनिरहेका थिए ।

कालीलगायत प्रभावित सहरमा स्थानीय बासिन्दाले उद्धारकर्मीलाई खाना, पानी, आवश्यक सामग्री तथा अन्य सहयोग उपलब्ध गराएका थिए । धेरै मानिस स्वयंसेवकका रूपमा उद्धार कार्यमा सहभागी भएका थिए ।

भूकम्पपछि प्रभावित सहरहरूमा ठुलो क्षतिको दृश्य देखिएको छ । कङ्क्रिटका संरचनाबिच फर्निचर तथा कपडा थिचिएका छन् भने कतिपय भवनका भित्ता र भुइँ अनियमित रूपमा भत्किएका छन् । सडकमा विद्युत् तथा अन्य तार छरिएका छन् ।

मनिजालेसमा एक पत्रकारले सहरको चर्चित नव-गोथिक क्याथेड्रलको एउटा टावरसमेत भत्किएको देखेका थिए । अन्य धेरै भवनमा पनि गम्भीर क्षति पुगेको स्थानीय अधिकारीहरूले बताएका छन् ।

दन्त चिकित्सक जुलियन पेना भूकम्प जाँदा क्विब्डोस्थित आफ्नै घरमा हुनुहुन्थ्यो । उहाँले कम्पन अत्यन्त शक्तिशाली रहेको बताउँदै मानिसहरू सडकमा निस्केर प्रार्थना गरिरहेको बताउनुभयो । आफू कुनै सामान नलिई घरबाट बाहिर दौडिएको र बाहिर सयौँ मानिस जम्मा भएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार केही भवनमा ठुलो चिरा परेको र कतिपय भवन पूर्णरूपमा ध्वस्त भएका छन् । राजधानी बोगोटामा समेत मानिसहरू पायजामामै सडकमा निस्किएका थिए ।

अधिकारीहरूले भग्नावशेषमा फसेका मानिसको खोजी जारी रहेकाले मृतकको सङ्ख्या अझ बढ्न सक्ने चेतावनी दिएका छन् । पाँच सहरका अस्पताललाई उच्च सतर्कतामा राखिएको छ भने कालीमा रातिको कर्फ्यु घोषणा गरिएको छ ।

नागरिक वैमानिकी एजेन्सीका अनुसार कम्तीमा छवटा स्थानीय विमानस्थलको सञ्चालन अस्थायी रूपमा रोकिएको छ । आगामी सबै व्यावसायिक फुटबल खेल पनि स्थगित गरिएको छ ।

भूकम्पको केन्द्रबाट करिब ११० किलोमिटर गहिराइमा कम्पन उत्पन्न भएको र छिमेकी इक्वेडर तथा पानामासम्म त्यसको धक्का महसुस गरिएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षणका विज्ञहरूले नाज्का टेक्टोनिक प्लेटभित्र गहिराइमा रहेको फल्टको गतिविधिका कारण भूकम्प गएको हुन सक्ने बताएका छन् ।

यो विनाशकारी घटना छिमेकी भेनेजुयलामा शक्तिशाली दुईवटा भूकम्पबाट छ हजार तीन सयभन्दा बढी मानिसको मृत्यु भएको र दसौँ हजार मानिस घरबारविहीन बनेको दुई महिनाभन्दा कम समयपछि भएको हो ।

भूकम्पपछि कोलम्बियालाई विभिन्न देश तथा अन्तर्राष्ट्रिय संस्थाले सहयोगको प्रस्ताव गरेका छन् । पप गायिका शाकिराले पनि एकताको आह्वान गर्दै आफ्नो मातृभूमिका नागरिकप्रति ऐक्यबद्धता व्यक्त गर्नुभएको छ । उहाँले सबैलाई एकअर्कालाई बलियो साथ दिन आग्रह गर्नुभएको छ ।

# विकल प्रजापतिको 'तग्व:गां' पुस्तकभित्रका रहस्यहरू

✍ अर्चना छुकां

कवि विकल प्रजापतिका 'तग्व:गां' र 'रातो चस्मा' दुई पुस्तकहरू आफ्नो हातमा पर्दा केही समयदेखि विविध कारणले लेखनलाई समयसापेक्ष निरन्तरता दिन नसकेको बेलामा लेखनकार्य निरन्तरतामा आफ्नो कलम निरन्तर अघि बढाउन प्रेरणा मिलेको छ । समय परिस्थिति र पेसाले टाढै रहे पनि पुस्तक पढेर समीक्षा लेख्ने प्रयास गरेको छु ।

हरेक दिन साँझको समयमा दरबार स्क्वायरमा बजाइने तग्व:गां पहिले पहिले राजा महाराजाहरूले जनतालाई विशेष सन्देश दिनुपर्दा बजाइने गरिन्थ्यो । यस्तै विशेष अनि पृथक सन्देश बोकेका छन् कवि विकल प्रजापतिका कृतिहरू 'तग्व:गां' र 'रातो चस्मा' ।

कविका दुई छोरीको शुभविवाहको अवसरमा पुस्तक प्रकाशनमा ल्याइएको सम्भवत: पहिलो घटना होला । त्यसमाथि परम्परागत छ वटा गुठीका २६ नाइकेहरू (ज्येष्ठ नागरिकहरू) बाट लोकार्पण गरिनु आफैमा पृथक र उदाहरणीय छ । त्यो आफैमा एक प्रगतिशील पाइला मान्नुपर्छ । अनि सोही मेसोमा गुठीका वयोवृद्ध २६ जना नाइकेहरूलाई दोसल्ला ओढाएर सम्मान गरी नेवारी परम्परागत गुठी भोजन गराइएको विषयलाई समयले उच्च मूल्याङ्कन गर्ने नै छ । यस मानेमा एक प्रगतिशील पिताको तर्फबाट नवविवाहित छोरीहरूका लागि 'अमूल्य क्वस:' (दाइजो) र गुठीका लागि 'मनसुवा' बनेको छ 'तग्व:गां' र 'रातो चस्मा' ।

परम्परागत भजन संस्कृतिलाई जगेर्ना गर्न सम्पदाप्रेमी, संस्कृतिप्रेमीहरूको ऊर्जा एवम् उत्साह हो- 'तग्व:गां' । देश, काल र परिवेशमा सिर्जिएका आम नागरिकको हक, हित, अधिकार र कर्तव्यको थैली हो- 'रातो चस्मा' ।

'तग्व:गां' गीतिसङ्ग्रहमा २८ वटा नेपालभाषाका गीत र १८ वटा नेपाली भाषाका गीत सङ्ग्रहित छन् । नेपालभाषाका धेरैजसो गीतहरूले भक्तपुरको ऐतिहासिक, सांस्कृतिक महत्त्वलाई जिवन्तता दिने वा उजागर गर्ने प्रयास गरेको सराहनीय छ । केही गीतहरूले स्थानीय संस्कृति, स्थानीय चाडपर्व र स्थानीय खेलहरूको गाथा गाएका छन् । जसमा 'लाय्कूया तग्व:गां', 'तिका झ्यालं स्वयां', 'भैलख: जात्रा स्व:वाङा', 'ल्हुया बजि न:दयेक', 'ङाताप्वल्हँ गजुलय्' शीर्षकका गीतहरूले स्थानीय सम्पदा, संस्कृति र चाडपर्वको साङगीतिक चर्चा गाएका छन् भने 'देग लिउने सुलाकासा' ले स्थानीय खेलबारे, 'स्वन्तिया मुतुमारी' गीतले स्थानीय जनताको घरघरमा पाक्ने विभिन्न प्रकारका रोटीहरूबारे गाएका छन् । 'नकतिनि मोहनि हाङा', 'स्वनिग:या म्हसिका', 'ह्यङ्गु सिन्हय्' जस्ता गीतले स्थानीय चाडपर्व र भोजभतेरबारे प्रशस्ति गाएको सुनिन्छ । नेपाल भाषाका केही र नेपाली भाषाका धेरैजसो गीतहरूमा कविको देशभक्ति भावना छचल्किएका छन् ।

*न्ह्य:खा हालानं न्ह्य:सू मतां*
*छेँखा वालानं मिखां मखां*
*हि ब: वयानं स्या मचपुं*
*नुगलय् सुयानं लुमदां ।*

*अर्थात्*
*भाले बास्दा पनि बिउँझेको होइन*
*घरै रित्याइँदा पनि आँखाले देखेन*
*रगतै बग्दा पनि नदुखेका*
*मुटुमै घोच्दा पनि नचेतेका ।*


*हिमालको छाया, बुद्धको काया*
*यो छातीभित्र नेपालको माया ।*

*मैले लेखेँ देशको कथा, गीत राष्ट्रियताको*
*लेख्दै छु यसैमा पटकथा, हिमाल, पहाड, तराईको ।*

कवि व्यक्तित्वमा गीतमै देशभक्ति, गीतमै राष्ट्रियता अटाउन सकिने रहेछ । विदेशी थिचोमिचोका विरुद्ध सशक्त हतियार बन्दो रहेछ कवि विकल प्रजापतिका गीतहरूमा । सत्तामा पुगेका दल र नेताहरूले भारतीय मिचाहा प्रवृत्तिबारे राष्ट्र सङ्घजस्तो अन्तर्राष्ट्रिय मञ्चमा बोल्न नसकेको अवस्थामा कवि विकलले 'ब्याक अफ इन्डिया' गीत लेखेर रेकर्डिङ गराएको प्रशंसनीय छ ।

किल्ला फाल्ने छिमेकी, सीमा सार्ने इन्डिया
नेपालको भूकम्पमा नाकाबन्दी इन्डिया । ब्याक अफ इन्डिया !

किसानका गीतहरू, मजदुरका गीतहरू, श्रमजीवीका गीतहरू वास्तवमा श्रमप्रति सम्मान गर्ने व्यक्तिले मात्र लेख्न गाउन सक्छ । जीवन जगतका सामान्यभन्दा सामान्य संवेदनशील विषयमा पनि सरल शब्दहरूको प्रयोगले गीतलाई सरस बनाउने प्रयास गरेको देखिन्छ ।




आफूलाई आफै राम्रो, अरुको स्वाँस ह्वास्स आउँछ
सबको नजर एकै भए, जीवन दुनियाँ स्वर्ग बन्छ ।

सङ्ग्रहित आधाआधी गीतहरूमा सङ्गीत भरिएको रहेछ । गीतसँगै लय पनि राखेको भए सुनमा सुगन्ध हुने थियो । समग्रमा भन्नुपर्दा ऐतिहासिक भक्तपुरको पहिचान बोकेको कृति हो 'तग्व:गां' । उदाहरणका लागि लुँहिति, बह:, सुलाकासा, कसिमला, न्ह्य:खा, सिउचा, सिसावुसा, लाखामारि, कलमारि, म्हुचामारि, सिनाज्या, स्याक्वत्याक्व, कलाचा, चाख:चा, तिका झ्य:, म्हेखा झ्य:, भैलख:झ्य:, किसिझ्य:, मनसुवा आदि ।

*नकतिनि मोहनि हाङा, स्वन्ति नं थ्यङ्क वल*
*त:मि चिमि ज्यापु ज्यामि, नखा:चखां लय् वल ।*
*(भर्खर त विजया दशमी मनायौं,*
*दीपावली पनि आइसक्यो*
*धनी गरिब कामदार सबमा चाडपर्वले खुसी ल्यायो ।)*

मतिनाया सुकुना मता, भिंतुनाया स:थ्वयेक
न्हुदँया थ:गु पह, ख्यैँ धौ न्यां स्वगं ।
(मायाको सुकुन्डा बाली, शुभकामनाको नारा उराली
नयाँ वर्षको आफ्नै पहिचान, सगुनमा अण्डा दही रक्सी ।)

गीतका कुनै कुनै हरफहरू नेपाल भाषाको उखानटुक्काको रूपमा प्रयोग भएको र प्रयोग गर्न सकिने खालका छन् । जस्तै:-

*"द्यलां द्य: पितिङ हल"*
*"न्ह्यखा: हालानं न्हय:सू मतां"*
*"छेखाँ वालानं मिखां मखां"*
*"द्यञ्चाय् च्वङ: यांचां ङाक:।"*
*"व: वसां न्ह्य: मरु, फये् व:सां न्ह्य: मरु"*
*"ल्हुकुल्हुकु महाद्यवं लुकुलुक नल ।"*
*"म्हतुई धौ फिक च्वङां ।"*
*"क्वैँ मरुगु म्येच: न्ह्याथाय् वांसां ठिक्क"*

गीतहरूमा भक्तपुर नगरका विशेष स्थानहरूको पहिचान गरी समेटिएको छ । जस्तै:- लायकु, लुध्वाखा, त:पुखु, न:पुखु, लानिपुखु, पलेस्वँपुखु, ङातापोल्हँ, तमा:रि, कुम्ह:त्व:, दतात्रय, भैलद्य आदि ।

कविले गीतमार्फत आफ्नो भाषा, लिपि, सम्पदा जोगाउनुपर्ने चिन्ता मात्र नभई उपत्यकाका बहुमत आदिवासीप्रति सांस्कृतिक तथा राजनीतिक अतिक्रमणमा परेकोमा यसरी आक्रोश व्यक्त गरेका छन् ।

*लागा झीगु, तजिलजि झीगु*
*लाय्कु गथे मेपुंके लात ?*
*भाषा व लिपि सम्पदा झीगु*
*अथेनं गथे लिपा लात ?*
*(इलाका हाम्रो संस्कृति हाम्रो*
*दरवार कसरी अरुसँग पुग्यो ?*
*भाषा लिपि सम्पदा हाम्रो*
*यद्यपि कसरी पछि परियो ?)*

कविले गीतमा जनताको अधिकार, लोकतन्त्र र सामाजिक समानताको भावना व्यक्त गरेका छन् । व्यक्तिगत स्वार्थभन्दा सामूहिक हितलाई प्राथमिकता दिनुपर्ने तथा आफ्नो अधिकारका लागि जनता सचेत हुनुपर्ने सन्देश ठाउँठाउँमा छन् । साथै कविले सेवा, सहयोग र मानवताको लागि गरेका आह्वानले समाजप्रतिको संवेदनशीलता उजागर गरेको छ ।

भिंगु मति तये माल
सेवाया भावना दयेमाल
इलय् मनं खाने फ:सा:
धर्ति स्वर्ग जुयेफ पासा ।
(राम्रो विचार राख्नु पर्‍यो
सेवाको भावना हुनु पर्‍यो
समयमा विचार गर्न सके
धर्ति स्वर्ग बन्न सक्छ, साथी ।)

गीतमा पुर्खाको वीरता, इतिहास तथा सांस्कृतिक सम्पदाप्रति गौरव व्यक्त गरिएको छ । आफ्नो इतिहासलाई बिर्सन नहुने र पुर्खाको योगदानलाई सम्मान गर्नुपर्ने सन्देश छन्-

*कला, संस्कृति नां जगु, देय्या लाँ बियच्वन*
*वीरपुर्खाया हिंच्वगु इतिहास गना तङच्वन ।*
*(कला संस्कृतिमा धनी देशले बाटो बिराइरहेछ*
*वीरपुर्खाको रक्तरञ्जित इतिहास कता बिलाएछ ?)*


समाजमा सत्य र न्याय स्थापना गर्न साहसी मानिसहरूको आवश्यकता पर्दछ । न्यायका लागि सङ्घर्ष तथा आवश्यकता पर्दा त्याग र बलिदान गर्नुपर्ने विचार व्यक्त गर्दै स्वाभिमान अभिमान जोगाउने सन्देशसहित बलिदानी गीत गाएका छन् गीतहरूले ।


*देय्या सेवा याये फतलय्, त्वतेमते छं गबलें*
*मनुया गुण याये फतलय्, त्वतेमते छं गुबलें ।*
*(देशको सेवा गर्न तिमी कहिल्यै नचुक्नू*
*मानवको गुण गर्न तिमी कहिल्यै नचुक्नू ।)*


समाजवादी गणतन्त्रमा जनताको प्रजातन्त्र समृद्धिको मार्ग हो । राजनीतिक बेथिति र राजनीतिक विकृतिका कारक नेताहरूले गरेका भ्रष्टाचारका काण्डहरू बिर्सनु हुँदैन । कालापानी, लिपुलेक, लिम्पियाधुराका लागि नेपाली जनता आफै लाग्नुपर्छ भनी सन्देश दिएका छन् गीतहरूले ।

अग्रज पिँढीका कथाहरूले जसरी भावी पिँढीलाई इतिहास सिकाउँछ त्यसरी नै 'तग्व:गां' गीतिसङ्ग्रहले भक्तपुरको कला, संस्कृति, संस्कार अनि देशको राजनीतिक बेथिति हटाउन देशभक्तिको गाथा सुनाउँदछ ।

सिङ्गो भक्तपुर, सिङ्गो राष्ट्र अनि सिँगो जीवन एउटा पुस्तकमा अटाउन सकिने त हैन । तर, पनि कला सम्पदा संस्कृतिलाई जीवन्तता दिन र राजनीतिक बेथितिलाई खबरदारी गर्दै देशभक्ति भावना जगाउनको निमित्त हाम्रा कलमहरू रोकिनु हुन्न । त्यसैले बेइमानी, व्यभिचारी तथा बुँख्याचाहरूलाई खबरदारी गर्न मुट्ठी त कस्नु नै छ । कला, संस्कृति र वीरताका गाथाहरूसहितका गीतहरू ऐतिहासिक फल्चाहरूमा भजनसँगै गुञ्जिरहोस् । धन्यवाद !






## शिक्षक आवश्यकता

यस विद्यालयमा प्राथमिक शिक्षकको रिक्त पदमा करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षक सेवा आयोगबाट करारमा नियुक्तिका लागि सूचिकृत भएका र अन्य योग्य इच्छुक उम्मेदवारहरूको लागि यो सूचना प्रकाशित भएको मितिले (२०८३/०५/०९) १५ दिनभित्र आफ्नो शैक्षिक योग्यता, अनुभव, स्थायी अध्यापन अनुमतिपत्र, करारमा सूचिकृत भएको भए सूचिकृत प्रमाण र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसाथ दर्खास्त बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च**: विज्ञापन भएको मितिले सात दिनभित्र करार सूचिकृतले सम्पर्क गर्नुपर्नेछ र शिक्षक सेवा आयोगबाट करारमा सूचिकृत दर्खास्त परेमा अन्यको दर्खास्त स्वत: रद्द हुनेछ ।

| पद | तह/श्रेणी | सङ्ख्या | परीक्षाको किसिम | तलब स्केल | वर्ष |
|---|---|---|---|---|---|
| करार शिक्षक | प्रा.शि. तृतीय | एक (१) | लिखित र अन्तर्वार्ता | नियमानुसार | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |

**आवश्यक न्यूनतम योग्यता** : प्रवीणता प्रमाणपत्र तह (१०+२ वा सो सरह उत्तीर्ण), आई.एड.
**वान्छनीय योग्यता** : न्यूनतम योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता, तालिम प्राप्त, माथिल्लो तहमा अर्थशास्त्र र कम्प्युटर अध्यापन गर्न सक्ने र अनुभवीलाई विशेष ग्राह्यता ।
**परीक्षा दस्तुर** : रू. १,०००।- (एक हजार रूपैयाँ मात्र) नेपाल बैङ्क लिमिटेड. च.हि.नं. ०१५००१०००३१६५५००००००१ मा जम्मा गरेको सक्कल भौचर
**सम्पर्क मिति** : २०८३/०५/१०

**देवी माध्यमिक विद्यालय**
चाँगुनारायण नगरपालिका-९, सौडोल
सम्पर्क नं.: ९८४१४०२५२०

*देशको...*

गएको छ । अवैज्ञानिक सडक निर्माणले पहाडलाई खाद्यान्न उत्पादन हुनै नसक्ने खण्डहरमा परिणत गर्दैछ । तर, शासक दलहरू जानी जानी यस्तो भयावह अवस्थाप्रति आँखा चिम्लेर बसेका छन् । आजसम्मका सरकारहरू नेपाल कृषिप्रधान देश भएको माला जप्न छोड्दैनन् तर खाद्यान्नमा परनिर्भरता झन्झन् बढ्दो छ ।

● नेपालका केही अर्थविज्ञ भनाउँदाहरू भारतीय लगानीकर्ता नेपालमा नआएकोमा चिन्ता गर्छन् । सरकारहरू पनि त्यस्ता अर्थविज्ञहरूको लहलहैमा विदेशी पुँजी ल्याउने नीति, कार्यक्रम र बजेट बनाउँछन् । विदेशी पुँजीले नेपाललाई नवउपनिवेश बनाउने शासक दलहरू र ती अर्थविज्ञहरूलाई कसरी थाहा भएन ? शासक दलहरू विदेशी पुँजीको दलाल भएसम्म नेपालको स्वाधीन अर्थतन्त्र विकास हुनेछैन ।

**२०८३ साउन २६**

*कार्की...*

भएकोले प्रदर्शनकारीहरूको सङ्ख्या बढी रहेको थियो । सोहीक्रममा सबैभन्दा पहिला हटिया लाइनमा रहेका राजनैतिक दलका कार्यालयहरूमा तोडफोड र आगजनी भएको थियो । सोपश्चात् प्रदर्शनकारीहरू विभिन्न समूहमा बाँडिएर जिल्लास्थित सरकारी कार्यालय र प्रहरी कार्यालयहरूमा आक्रमण गर्न लागे । त्यसपछि फौजलाई पनि सोहीअनुसार खटाइएको थियो । करिब ४:३० बजे नेपाली सेनाले प्रमुख जिल्ला अधिकारीलाई सुरक्षित स्थानमा जाने भन्दै आफ्नो साथमा लिएर गएपछि सशस्त्र प्रहरीसमेत ड्युटीबाट हटे । प्रहरी एक्लैले छरिएर रहेका प्रदर्शनकारीहरूलाई नियन्त्रण गर्न नसकेकोले माथि उल्लिखित क्षति भएको देखिन्छ । ३:४० मा कर्फ्यु आदेश लागू भए तापनि नेपाली सेना फिल्डमा आएन । प्रहरीको साधन-स्रोत गोलिगट्ठा, अश्रुग्याँससमेत सकिएकोले थप क्षति रोक्न नसकिएको हो ।

*अर्थमन्त्री...*

लगानी बोर्डसमेत गठन गरे । लगानी बोर्डका अधिकारीहरू बिचौलियाको चङ्गुलमा परे । के अर्थमन्त्री वाग्लेलाई त्यसरी नै बिचौलियाले खेलाएको हो ? विदेशी पुँजी लगानीको विषयमा रास्वपाको बालेन सरकार पनि पुरानै सरकारको पदचिह्नमा हिँडेको हुँदा 'गाँसेगुसे एकै नासे' साबित भएन र ?

*सजाय...*

ख्वप कलेज अफ लको चौथो वर्षको Criminal Law Group द्वारा आयोजित उक्त सेमिनारले बाल न्यायलाई केवल कसुर र सजायको विषयका रूपमा नभई बाल अधिकार, जवाफदेहिता, सुधार, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणसँग जोडिएको बहुआयामिक न्यायिक विषयका रूपमा विद्यार्थीहरूलाई आगामी दिनहरूमा अनुसन्धान गर्ने महत्त्वपूर्ण विषयवस्तु प्रदान गरेको बताउनुभयो ।

उक्त कार्यक्रमको संयोजक शिक्षक लक्ष्मी बखाद्यो हुनुहुन्थ्यो ।

कार्यक्रमको सहजीकरण ख्वप कलेज अफ लका चौथो वर्षका Criminal Law Group का विद्यार्थी लक्ष्णा रञ्जितले गर्नुभएको थियो । कार्यक्रममा प्रनिता दुवालले पनि बोल्नुभएको थियो ।

*युवाहरू...*

कमजोरी र पार्टी सभापतिले सरकारको कमजोरी औँल्याएर दुखेसो पोखेको खबर पनि सञ्चारमाध्यममा आएकै हो । उखु कृषक, मिटरब्याज पीडित, कर्मचारी, नर्स, चिकित्सकहरूको आन्दोलन पनि यही बेला भयो । भोको पेटले देश बन्दैन, जनताको चुलो बल्न दे भन्दै ग्यासको सहज र नियमित आपूर्तिको माग गर्दै व्यास नगरपालिका ३ स्थित अनसन चौतारी दमौलीमा माधवप्रसाद अधिकारी अनसनमा बसे । ग्यासजस्तो अत्यावश्यक वस्तुको सहज आपूर्ति हुनुपर्छ; अभावका कारण सर्वसाधारण जनताले दुःख पाउने अवस्था अन्त्य गर्नुपर्छ भन्ने उनको माग हो ।

लामो समयसम्म ग्यासको अभाव भएपछि उपभोक्ताहरू समस्यामा परेको यथार्थ हो । मिटरब्याजमा पैसा लगाउने सप्तरीको खडक नगरपालिका १० बस्ने फूलकुमारीको धन्दाले घरबारविहीन बनेका दिरिपलाल साहले आत्महत्याको बाटो रोजे । दिरिपलालले लिएको दुई लाख ऋणको घरघडेरीसहितको एक कट्ठा पाँच धुर जग्गा बेचेर पनि नपुगेको पीडाले आफ्नो ज्यान फाल्नुपर्ने अवस्था आयो । विगतको सरकारले समस्या समाधान नगरेपछि अहिलेको सरकारले सामाधान गर्नुपर्ने हो । हिजो सरकारले केही गरेन भनी ठुलठुलो स्वरमा बोल्ने वर्तमान सरकारका नेताहरू अहिले कुन दुलामा छन् ? सरकारको नेतृत्व त फेरियो । तर, काममा यो सरकारले पनि कुनै फड्को मार्न सकेन । सरकारको कार्यशैली, अपरिपक्व निर्णय र अदूरदर्शिताको कारण जनताले सहजताको अनुभूति गर्न पाएनन् । जनताले भन्न थाले, 'जति जोगी आए पनि कानै चिरेका ।'


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचारबापत खर्च पाइरहेका लाभग्राहीहरूले नयाँ नाम दर्ता तथा नवीकरण गर्नेसम्बन्धी जरुरी सूचना

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचारबापत खर्च उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७८ को दफा ६ बमोजिम भक्तपुर नगरपालिका क्षेत्रभित्रका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूले आ.व. २०८३/०८४ मा निरन्तर रूपमा उपचारबापत खर्च रकम प्राप्त गर्नका लागि २०८३ भदौ मसान्तभित्र देहायका कागजातहरूसहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि, राष्ट्रिय परिचयपत्र नम्बर ।
२. नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. मेरुदण्ड पक्षघातका बिरामीको हकमा अपाङ्गतासम्बन्धी प्राप्त गरेको रातो वा निलो परिचयपत्रको प्रतिलिपि ।
४. मृगौला तथा क्यान्सरका बिरामीको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकबाट प्रमाणीकरण गरिएको अनुसूची–१ बमोजिमको फाराम ।



## हार्दिक समवेदना



जन्म
१९९६/०६/१५

स्वर्गारोहण
२०८३/०४/१५

**मोहनमाया लासिवा**

नेपाल भलिबल सङ्घका केन्द्रीय उपाध्यक्ष एवं भलिबल खेलका अन्तर्राष्ट्रिय रेफ्री गौतमप्रसाद लासिवाकी ममतामयी माता **मोहनमाया लासिवा**को असामयिक निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

**भक्तपुर जिल्ला भलिबल सङ्घ परिवार**
भक्तपुर



## हार्दिक समवेदना



**मोहनमाया लासिवा**

जन्मः १९९६ असोज १५ गते    निधनः २०८३ साउन १५ गते

हाम्रा परम मित्र गौतमप्रसाद लासिवाकी पूजनीय माता **मोहनमाया लासिवा**को दुःखद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| रमिला दुवाल | श्रीजना कक्षपति | दामोदर सुवाल |
| शरद खत्री | दीपेशराज शर्मा | वीरेन्द्र जति |
| दिपेश वेंजु | उज्वल कायष्ठ | रवीन्द्रकुमार श्रेष्ठ |
| कृष्णसुन्दर खाइतु | प्रेमकृष्ण खर्बुजा | श्यामसुन्दर श्रेष्ठ |
| राजन अवाल | इन्द्रप्रसाद राजलवत | न्हुज किजु |
| दीपेन्द्र प्रजापति | तुल्सीनारायण लाखे | रामभक्त कोजु |
| तुल्सीनारायण डण्डेख्या | रामसुन्दर भेले | रज्जु वैद्य |



## हार्दिक समवेदना



**मोहनमाया लासिवा**

जन्मः १९९६ असोज १५ गते    निधनः २०८३ साउन १५ गते

हाम्रा आत्मीय मित्र गौतमप्रसाद लासिवाकी ममतामयी आमा **मोहनमाया लासिवा**को दुःखद निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ख्वप छैं**
भक्तपुर दरबार स्क्वायर


प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः चक्रबहादुर चाकतु★कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा